CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF



सामाजिक शिक्षा

इतिहास

कक्षा ९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५५

सामाजिक शिक्षा

इतिहास

कक्षा ९

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

पहिलो संस्करण २०२९
दोस्रो संस्करण २०३०
तेस्रो संस्करण २०३१
चौथो संस्करण २०३२
पाँचौं संस्करण २०३४
छैटौं संस्करण २०३५
सातौं संस्करण २०३७

११२५८

मूल्य ३।८०

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु।"

—श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्गीय
श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्परा अनुसार शिक्षालाई आजको वर्दलिदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमश: अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ। यसै नयाँ शिक्षा योजना अन्तर्गत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ। त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ। यसर्थ हाम्रा देशका सबै वालवालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित वनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देशविकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमश: मुलुकमा सबै वालवालिकाहरूलाई उपलब्ध गराइँदै छन्। यसबाट मुलुकका सबै वालवालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून्! यही मेरो हार्दिक कामना छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

परिवर्तन विकासको सोपान हो । देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो ।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिको लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा योजना लागू गरेको छ । राष्ट्रिय शिक्षा योजनाले राष्ट्र र राष्ट्रियता–प्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने पञ्चा–यती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्वी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गराउने र राष्ट्रभाषा, संस्कृति, साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले लिएको छ ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूलका उपयुक्त पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्दछ । पाठ्यक्रमको सफलता पाठ्यपुस्तकमा नै आधारित हुने भएकोले पाठ्यपुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ ।

श्री ५ को सरकारको शिक्षा नीति अनुकूल र वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालबालिकाहरूका लागि पाठ्यपुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा योजना, २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्यपुस्तकहरू तयार गराइने व्यवस्था भएको छ । प्रमुख विषयका सबै पाठ्यपुस्तकहरू तयार गराउने र छपाउने, यो पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने, गराउने र पाठ्यपुस्तकहरूको उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहित गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन् । यिनै उद्देश्यानुरूप यो पुस्तक तयार गरिएको हो ।

यो पुस्तकको नेपालको इतिहासको खण्ड हे. मा. श्री ईश्वरराज अर्याल, प्रा. श्री गुणदेव भट्टराई, श्री शिवबहादुर राजभण्डारीले र विश्वको इतिहासको खण्ड प्रा. श्री मायाप्रसाद काफ्ले र सुश्री पुष्पा काफ्लेले लेख्नुभएको हो ।

यस पुस्तकलाई अझ प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको यो केन्द्र हार्दिक स्वागत गर्दछ ।

श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

खण्ड एक: नेपालको इतिहास

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह र नेपालको एकीकरण — १
२. राजमाता राजेन्द्रलक्ष्मीको समयमा नेपाल राज्यको विस्तार — ६
३. बहादुर शाहको समयमा नेपाल राज्यको विस्तार — १२
४. नेपाल र भोटको युद्ध — १५
५. नेपालको अंग्रेजहरूसँग युद्ध — २०
६. भारदारहरूमा शक्तिको लागि दाउपेच — २६

खण्ड दुई: विश्वको इतिहास

१. धर्मयुद्ध — ३८
 (क) धर्मयुद्धको अर्थ — ३८
 (ख) धर्मयुद्धका कारणहरू — ३६
 (ग) धर्मयुद्धको विवरण — ४०
 (घ) धर्मयुद्धको परिणाम — ४१

२. पुनर्जागरण — ४४
 (क) पुनर्जागरणको अर्थ — ४४
 (ख) पुनर्जागरणका कारणहरू — ४५
 (ग) पुनर्जागरणको आरम्भ र प्रसार — ४६
 (घ) पुनर्जागरणको प्रभाव — ४६

३. धर्मसुधार आन्दोलन — ५६
 (क) धर्मसुधार आन्दोलनको अर्थ — ५६
 (ख) धर्मसुधार आन्दोलनका कारणहरू — ५६
 (ग) धर्मसुधारको प्रारम्भ र प्रसार — ५८

४. राज्यहरूमा राष्ट्रियताको उदय — ६५
 (क) इङ्गलैण्डमा राष्ट्रिय भावनाको जागरण — ६५
 (ख) फ्रान्समा राष्ट्रिय भावनाको जागरण — ६६
 (ग) रूसमा राष्ट्रिय भावनाको जागरण — ७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड–एक नेपालको इतिहास

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह र नेपालको एकीकरण

राज्यको विस्तार तथा एकीकरण

आजभन्दा २०० वर्षअघि नेपालको भू–भाग आजको जति थिएन । जति भूमिमा अहिले नेपाल राज्य स्थित छ, त्यति भूमिमा तिनताका ५० भन्दा बढी आफूलाई स्वतन्त्र भन्ने राज्यहरू थिए । यी राज्यहरू परस्परमा झगडा गरिरहन्थे तथा यिनका झगडाले गर्दा साधारण रैतिको उन्नतिमा ठूलो बाधा उपस्थित भएको थियो । यी परस्पर विरोधी राज्यहरूलाई राष्ट्रियताको सूत्रमा बाँध्न अग्रसर हुने व्यक्ति गोरखाका राजा पृथ्वीनारायण शाह हुन् । गोरखा नेपाल उपत्यकाको पश्चिममा तिनताक एउटा सानो राज्य थियो । पृथ्वीनारायण शाहका पिता गोरखाका राजा नरभूपाल शाहको वि. सं. १७९९ मा मृत्यु हुँदा पृथ्वीनारायण शाहको



गोरखाको दरबार

उमेर २० वर्षको मात्र थियो । बालककालमा यिनी बुद्धिमती अभिभाविका चन्द्रप्रभा देवीको सुयोग्य तालीमबाहेक यिनले विशेष शिक्षा पाउन नसकेको बुझिन्छ । यद्यपि तिनताका राजपुत्रहरूले स्वभावत जान्ने धनु चलाउनु, घोडा चढ्नु इत्यादि कुरा यिनले पनि जानेका थिए । यिनले साधारण शिक्षा पनि पाएका थिए । पृथ्वीनारायण शाहबाट हिन्दूहरूका पवित्र तीर्थस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशी यात्रा गरी विदेशको यात्राद्वारा हुने अनुभव प्राप्त गर्नुको साथै दोस्री पत्नी नरेन्द्रलक्ष्मीका पिता अहिमान सिंहका सहायताले केही बन्दुक र बारूद पनि संग्रह गरे ।

धनधान्यपूर्ण नेपाल उपत्यकाका तीन राज्यमध्ये काठमाडौंको पश्चिम सीमालाई गोरखा-सित त्रिशूली गण्डकी नदीले छुट्टयाएको थियो । त्रिशुली गण्डकीको तटवर्ती जिल्ला नुवाकोट खूब उब्जाउ हुने क्षेत्र थियो । नेपाल उपत्यका र भोट ओहोरदोहोर गर्ने केरुङ घाटीको मुख्य बाटो यहींबाट पर्थ्यो । यसै कारणले गोरखाका राज्यहरू त्रिशुली गण्डकी पारीको यो प्रदेशलाई जिती आपनो मुलुकमा मिलाउन सदा उत्सुक रहन्थे । गोरखाको यो परिपाटीको अनुसरण गरी पृथ्वीनारायण शाहले वि. सं. १८०१ मा नुवाकोटमाथि आक्रमण गरी विजय गरे। नुवाकोट आक्रमणमा सफलता प्राप्त गर्न पृथ्वीनारायण शाहले धेरैधेरै ध्यान पुर्‍याउनु परेको थियो । गोरखापट्टि रहेको लमजुङसँग सन्धि गरी गोरखाली पूर्वतिर बढ्दा पश्चिमबाट गोरखा-माथि आक्रमण नहुने प्रबन्ध मिलाएका थिए । यता काठमाडौंदेखि सात मील जति पूर्वपट्टि रहेको भक्तपुर, जहांका राजा रणजित मल्ललाई सांखु, चांगु आदि प्रदेश दिलाइदिने लोभ देखाई आफ्नो पक्षमा लिएका थिए । काठमाडौंको पूर्वपट्टि सांखु र भक्तपुरको उत्तरपट्टि चांगु पर्दछन् ।

त्यसवेला कान्तिपुरमा गृहकलह शुरू भइसकेको थियो । ललितपुरका राजा कान्तिपुरका राजा जयप्रकाश मल्लसंग चिढिएका थिए । यस्तो परिस्थिति मिलाई पृथ्वीनारायण शाहले नुवाकोटमा हमला गरेका हुनाले उनी सफल भएका थिए । जयप्रकाशलाई पुनः दिन कोही नआएका हुनाले पृथ्वीनारायण शाहको नुवाकोट बिजय दिगो भयो ।

नुवाकोट विजयले एउटा धनधान्यपूर्ण प्रदेश मात्र पाएन किन्तु भोटसँगको व्यापार जो यो प्रदेशबाट हुन्थ्यो, त्यसमाथि पनि गोरखाको प्रभाव स्थापित भयो। नुवाकोट विजयले गर्दा पृथ्वीनारायण शाहको अधिकार पूर्वतिर फैलियो । नेपाल र भोटको लागि हिंड्ने कुती भञ्ज्याङको मूल बाटोमाथि पनि नियन्त्रण गर्न सक्ने भए ।

नुवाकोटको दरबार

नुवाकोटमा बलियो स्थिति बनाएपछि उनले उपत्यकाका परस्परमा झगडा गरिरहने तीन राज्य-हरूमा पनि आंखा गाड्नु आश्चर्यको कुरा थिएन । प्राचीन तथा शक्तिशाली उपत्यकाका राज्यहरूसित लडाईं गर्न सक्ने पर्याप्त सैनिक साधनको अभाव पृथ्विनारायण शाहले महसूस गरेका थिए। साथै पश्चिमतिरका लमजुङ, तनहुँ इत्यादि चौबिसे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्यहरू पृथ्वीनारायण शाहले यसरी गोरखा राज्यको विस्तार गरी शक्ति बढाएको कुरा मन पराउँदैनथे । त्यसैले पृथ्वीनारायण शाहले खुला युद्धको मार्ग छोडी पहिले उपत्यकाका चारैतिर पर्ने प्रदेशहरू आफ्ना अधीन गराउने विचार गरे । यसो गर्न सकेको खण्डमा उपत्यकाका राज्यहरूमा चाहिने आवश्यक चीजबीजहरूले त्यहाँ ठूलो आर्थिक कष्ट उत्पन्न हुने सम्भावना थियो । यसै हुनाले बारम्बार उद्योग गरी वि. सं. १८११ तिर उनले नालदूम आफ्नो गराए। यो स्थान पूर्वपट्टिबाट उपत्यकामा पस्ने ढोका नै थियो भने पनि हुन्छ । यसभन्दा अघि नै पश्चिमतिरको प्रदेशमार्ग दहचोक उनले आफ्नो अधिन गरिसकेका थिए ।

नेपाल उपत्यकामा बस्ने मार्गहरू अवरुद्ध गर्ने सन्दर्भमा पृथ्वीनारायण शाहले उपत्यकाको दक्षिणका सेनहरूको मकवानपुर राज्यलाई पनि आफ्नो अधीन गराउने विचार गरे। मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग पृथ्वीनारायण शाहको प्रथम विवाह भएको थियो । हेमकर्णको मृत्युपछि राजा हुने उनका छोरा दिग्बन्धन सेनसँग पृथ्वीनारायण शाहको मेल थिएन । अनि यिनले मकवानपुरमाथि आक्रमण गरी वि. सं. १८१९ भाद्रमा आफ्नो तुल्याए । मकवानपुर विजयले गर्दा पृथ्वीनारायण शाहको राज्यको सीमा भारतमा भरखरै मात्र स्थापित भएको अंग्रेजको कम्पनी सरकारको राज्यसित मिल्न पुग्यो । यिनैताक बंगालका नवाब मीर कासीमले मकवानपुरमाथि आक्रमण गरे । तर सो आक्रमण विफल गराई पृथ्वीनारायण शाहले निकै बन्दूकहरू हात पारे। त्यसैको सहायताले उनले आफ्ना पल्टन अघि बढाए ।

नेपाल उपत्यकाको प्रवेशमार्गहरू आफ्नो अधीन गराउने कार्य पृथ्वीनारायण शाहले चलाई राखे र यताबाट उनी उपत्यकाका राज्यका नजिक पुग्दै गए । साथै उनले पूर्वका स्थानहरू अधीन गराई कुति घाँटीको मूल व्यापारमार्ग पनि अवरुद्ध गरिदिए। यसप्रकार उनले पूर्वमा दूधकोशीसम्म आफ्नो अधिकार स्थापित गरे । उपत्यकाको उच्च स्थान आफ्नो अधीन गराउने सन्दर्भमा उनले किर्तिपुरमाथि आँखा गाडे। वि. सं १८१४ मा पहिलो पटक किर्तिपुरमा आक्रमण गरे । तर यो असफल भयो । यस युद्धमा पृथ्वीनारायण शाहका योग्य काजी कालु पाँडेले वीर गति पाए । अनि तेस्रो पटकको आक्रमण वि. स. १८२२ चैत्रमा किर्तिपुर आफ्नो गराए । यसको केही समयपछि काठमाडौंका राजा जयप्रकाश मल्ललाई सहायता गर्न कप्तान किनलोकको अधीनमा आएको अंग्रेजको सेनालाई पृथ्वीनारायण शाहले सिन्धुलीमा हराई निकै बन्दूक हात लगाएर आफ्नो सैनिक शक्ति बढाए । अन्त्यमा आर्थिक अवरोधले गर्दा कमजोर भएको काठमाडौं राज्यमा उनी वि. सं. १८२५ मा इन्द्रजात्राको दिन प्रवेश गरे । काठमाडौंका राजा जयप्रकाश मल्ल भागी पाटन गए । केही कालपछि पृथ्वीनारायण शाहले पाटनमा पनि प्रवेश गरे । जयप्रकाश मल्ल तथा पाटनका राजा तेजनरसिंह मल्ल दुवै भागी भक्तपुरका राजा रणजीत मल्लकहाँ शरण पर्न गए । एक वर्षपछि भक्तपुर पनि दखल गर्न पृथ्वीनारायण शाह समर्थ भए । भक्तपुर विजय गर्न त्यति सजिलो भएको थिएन । तीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन जतिको लडाईंपछि मात्र भक्तपुर विजय भएको थियो। यस विजयले पृथ्वीनारायण शाहको एकीकरण अभियानको जग मजबूत पारिदियो।

मकवानपुरको पूर्वमा सेनहरूका चौदण्डी र विजयपुर अरू दुई राज्य थिए। उपत्यकामा आफ्नो अधिकार स्थापित गरेको केही समयमा पृथ्वीनारायण शाहले चौदण्डी तथा विजयपुर दुवै विजय गरी आफ्नो राज्यको पूर्व सिमाना पहाडमा सिंगलिला पर्वतश्रेणी र मधेशमा कनकाई नदीसम्म पुऱ्याए। त्यसपछि पश्चिमतिर बढ्ने इच्छाले पृथ्वीनारायण शाह नुवाकोट पुगेका थिए। तर शरीरले उनको साथ दिएन। वि. सं. १८३१ मकर संक्रान्तिको दिन पृथ्वीनारायणशाहको नुवाकोट, सूर्यमती र त्रिशूली गण्डकी दोभान, देवीघाटमा देहावसान भयो।

नेपालको इतिहासमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको स्थान

पृथ्वीनारायण शाहका लडाईंमा परिणाम अरु जेसुकै भएता पनि यसले गर्दा आधुनिक नेपाल राष्ट्रको जन्म भयो। यो राष्ट्रमा पश्चिमका बहादुर मगर र गुरुङहरू, पूर्वका किरात-हरू, तराईबासीहरू तथा उपत्यकाका नेवार मिस्सिएको सार्वभौमसत्तासम्पन्न नेपाल राष्ट्रको निर्माण भयो। यो राष्ट्रमा सबैको समान हक तथा अधिकार भयो। ऐन कानून समस्त राष्ट्रको निम्ति प्रायः एकै प्रकारको भयो। सबैले आफ्नोआफ्नो रीतिले धर्मोपासना गर्ने अधिकार पाए। राज्यभरि जगाको व्यवस्था पनि हुनथाल्यो। यी सव कुरा भएको हुनाले नेपाल राष्ट्र दिन प्रतिदिन प्रगति पथमा लम्किदै छ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाहको राजनीति बडो प्रसंशनीय छ। उनले नवीन राज्य नेपाललाई दुई ढुंगाको माझको तरूलका उपमा दिई नेपालको निम्ति सदाका लागि असंलग्नताको उपदेश दिएका छन्।

राष्ट्रलाई आफ्नै खुट्टामा उभिने गराउन, धनी एवं संवृद्धिशाली बनाउनको लागि यिनले अन्तिम समयमा दिएका उपदेश अत्यन्त उपयोगी छन्। देशमा विदेशी कपडा लगाउन-लाई निषेध गरिदिनू, आपना देशका कपडा बनाउन जान्नेलाई नमूना देखाई सघाउनू र बनाउनू, लगाउन, यसोभए नगद विदेश जांदैन। आफ्नो देशको जिन्सी जडीबूटी विदेश लैजानू र नगद खिच्नु भन्ने उनको उपदेश थियो। प्रजा मोटा भए दरबार (राज्य) बलियो रहन्छ, राजाको भण्डार भनेका रैतीहरू हुन्, आफ्ना रैती सबैले काम पाऊन् तथा देशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेती, व्यापार इत्यादिको वृद्धि होस् भन्ने उनको इच्छा थियो। यसै सम्बन्धमा उनले खानी भएका ठाउँमा गाउँ भए, गाउँ अरू जग्गामा सारीकन पनि खानी चलाउनू भनी बोलेका थिए। पृथ्वीनारायण शाहले नवनिर्मित राष्ट्रलाई चार जात छत्तीस वर्णको साझा फूलबारी सम्झेर



बसन्तपुर दरबार

उपयोग गराउने नीति अवलम्बन गरे। यसै सम्बन्धमा यिनले राजनैतिक एकीकरणको साथै सांस्कृतिक उपायहरूद्वारा राष्ट्रिय एकताको गाँठो मस्काएका थिए। उनी मुलुकमा अन्याय हुन नदिन तथा जनतालाई दु:ख दिन हुँदैन भन्थे। राज्यको सार फौज जनता हो भन्ने यिनको भनाइअनुसार यिनले नेपाल राष्ट्रको रक्षा र एकीकरणको लागि एक प्रबल सैनिक शक्तिको रूप दिए। दुनियाँ जसदेखि खुशी हुन्छ उसैलाई कर्जाइ दिने उनको नीति थियो।

आधुनिक नेपालको इतिहासमा उनको अद्वितीय स्थान छ। नेपालको इतिहासमा नेपाल राष्ट्रका निर्माताका रूपमा उनी सदा स्मरणीय छन्। यसैले यिनी बडामहाराजाधिराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहलाइएका छन् । यिनको जन्म २७ पौष १७७१ वि. सं. मा भएकोले हामी सबै नेपालीहरू सो दिन वर्षेपिच्छे पृथ्वीजयन्ती मनाउँछौं ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यास

१. आधुनिक नेपाल एक स्वतन्त्र तथा सार्वभौमिक सत्तासम्पन्न राष्ट्रको रूपमा खडा गर्न सर्वप्रथम श्रेय कसलाई छ ?
२. पृथ्वीनारायण शाहको उदय हुनुभन्दा अगाडिको नेपालको अवस्था पाँच हरफमा लेख ।
३. नुवाकोटमाथि आक्रमण गर्नुअगाडि पृथ्वीनारायण शाहले के गरे ? पच्चिस शब्दमा वर्णन गर ।
४. नुवाकोटको महत्त्ववारे चार हरफमा व्याख्या गर ।
५. मीर कासिमलाई परास्त गर्नाले पृथ्वीनारायण शाहलाई के फाइदा भयो ?
६. उपत्यकाका राज्यहरूसँग खुला तवरले लड्न पृथ्वीनारायण शाहको सम्मुख आइपरेका मुख्य दुई बाधाहरू उल्लेख गर ।
७. पूर्वका सेन राज्यहरूमध्ये मुख्य दुई ग्रोटाको नाम लेख ।
८. आर्थिक नाकाबन्दिको अर्थ पच्चिस शब्दहरूमा व्याख्या गर ।
९. निम्न वाक्यहरूमध्ये शुद्ध वाक्यहरू एकातिर लेख अशुद्ध वाक्यहरू भएका कुराहरू शुद्ध गरी अर्कोतिर लेख
   (क) गोरखा राज्य काठमाडौंको पूर्वमा पर्छ ।
   (ख) वि. सं. १८०१ मा पृथ्वीनारायण शाहले नुवाकोट सर गरे ।
   (ग) पृथ्वीनारायण शाहका ससुराको नाम दिग्वन्धन सेन थियो ।
   (घ) वि. सं. १८३५ मा पृथ्वीनारायण शाहको बसन्तपुर दरवारमा देहावसान भयो ।
   (ङ) नुवाकोट विजयबाट पृथ्वीनारायण शाहको राज्य पूर्वमा सिंगलीला पर्वत श्रेणी-सम्म पुग्यो ।
   (च) पाटनका राजा रणजीत मल्ल, काठमाडौंका राजा तेजनरसिंह मल्ल र भक्तपुरका राजा जयप्रकाश मल्लको बीच राम्रो सम्बन्ध थियो ।
१०. निम्न व्यक्तिहरूसँग पृथ्वीनारायण शाहको के साइनो पर्छ ?
   चन्द्रप्रभावती, इन्द्रकुमारी, हेमकर्णसेन र नरभूपाल शाह ।
११. समूह "ख" बाट शब्दहरू झिकी समह "क" मा मिल्ने गरी बनाऊ

"क"	"ख"
१. पृथ्वीजयन्ती	१. वि. सं. १८२५
२. वि. सं. १७९९	२. पवित्र तीर्थस्थान
३. कनकाई	३. कुती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. कीर्तिपुर विजय	४. वि. सं. १८२२
५. भञ्ज्याङ	५. नदी
	६. पौष २७ गते
	७. फाल्गुन ७ गते
	८. पृथ्वीनारायण शाहको राज्यारोहण ।

१२. कोष्ठभित्र दिइएका शब्दहरू वा सालमध्ये शुद्ध चाहिँ छानेर खाली ठाउँमा भर

(क) उपत्यकाको पश्चिमको प्रवेषद्वार........हो । (नालदूम, दहचोक, बनेपा)

(ख) ......मा पृथ्वीनारायण शाहले मकवानपुर जिते । (वि. सं. १८१६, १८२० १८२१)

(ग) ....मा पृथ्वीनारायण शाह काठमाडौंको राजसिंहासनमा विराजमान भए । (वि. सं. १८१५, १८२५, १८२६)

(घ) ......पृथ्वीनारायण शाहकी दोस्रो पत्नी थिइन् । (वुद्धिमती, इन्द्रकुमारी, नरेन्द्रलक्ष्मी)

(ङ) राजाका भण्डार भनेका रैतिहरू हुन्......ले भनेका हुन् । (श्री ५ महेन्द्र, श्री ५ त्रिभुवन, श्री ५ पृथ्वीनारायण शाह)

१३. नेपालको नक्शा खिच र त्यसमा निम्न स्थानहरू भर

गोरखा, नुवाकोट, कीर्तिपुर, पाटन, भादगाउँ र काठमाडौं ।

१४. पृथ्वीनारायण शाहको देहावसान अगाडिको नेपालको नक्शा खिच ।

१५. राष्ट्रियताका आधारभूत तत्वहरूमध्ये कुनै चारको उल्लेख गर ।

१६. पृथ्वीनारायण शाहद्वारा निर्मित नेपाल राज्यमा सम्मिलित जाति र प्रादेशिक राज्यहरूको सूची बनाऊ ।

१७. पृथ्वीनारायण शाहको दिव्य उपदेशहरूमध्ये चारओटा उद्धृत गर र ती उपदेशहरू वर्तमान समयमा पनि उपयोगी छन् भन्ने सिद्ध गर ।

१८. प्रस्तुत चित्रहरूको आधारमा वसन्तपुर दरवार र गोरखा दरवारको तुलनात्मक विवरण प्रस्तुत गर ।

१९. हामी राष्ट्रियता प्रदर्शित गर्छौं, कसरी ? देशभक्ति र राजभक्तिद्वारा अथवा पुराना रीति चलनको अनुसरणद्वारा ।

२०. पृथ्वीनारायण शाहलाई हामी राष्ट्रनिर्माता भन्छौं, यस विचारसम्वन्धी आफ्नो विश्लेषण प्रस्तुत गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजमाता राजेन्द्रलक्ष्मीको समयमा नेपाल राज्यको विस्तार

नेपालको इतिहासमा विराङ्गनाहरूको नामावलीमा राजमाता राजेन्द्रलक्ष्मी देवीको स्थान ठूलो छ। वि. सं. १८३४ मा महाराजाधिराज प्रतापसिंह शाहको निधनपछि अढाई वर्षका युवराज रणबहादुर शाह नेपालका महाराजाधिराज भए। नावालक महाराजाधिराजको प्रतिनिधिको रूपमा शासन चलाउन राजकुमार बहादुर शाह बोलाइए। राजमाता राजेन्द्रलक्ष्मी देवी स्वयं राजनीतिज्ञ र साहशी व्यक्ति हुँदा देवरलाई पन्छाई राज्य सञ्चालन आफ्नो हातमा लिइन्। यस प्रसंगमा परस्परमा घात प्रतिघात पनि चल्यो। अन्तमा बहादुर शाह नेपालको सिमाना बाहिर भारतको बेतियामा निर्वासित जीवन व्यतीत गर्न गए।

श्री ५ राजेन्द्रलक्ष्मी शाह

पृथ्वीनारायण शाह पश्चिम विजय गर्ने इच्छा मनमा लिएर दिवङ्गत भएका थिए। उनको शेषपछि प्रताप सिंह शाहले लड्ने, भिड्ने, राज्य विस्तार गर्ने कार्यमा लाग्नुभन्दा सकेसम्म शान्तिपूर्वक राज्य गर्न चाहे। फेरि सिंहासनारूढ भएको अल्पकालमै उनको स्वर्गारोहण पनि भयो। यसरी विजय यात्रामा आएको यस निष्क्रियतालाई हटाई पृथ्वीनारायणको विजय अभियान फेरि अगाडि बढाएको श्रेय यिनै मुमा महारानी राजेन्द्रलक्ष्मी देवीलाई छ। विपक्षका राज्यहरू शाहवंशको अस्तित्वलाई नष्ट पार्न अवसर खोज्थे। एउटा स्वास्नीमानिसले राज्य व्यवस्था सञ्चालन गरेको वेलामा मौका यही हो भन्ठानी तनहुँ, लमजुङ आदि चौविसे राज्यहरूको संयुक्त फौजले बलिथुममा जोडदार आक्रमण गरे। काजी वंशराज पाण्डेको मदतका लागि ज्यामरुकबाट (तनहुँ र गोरखाबीच) सरदार बलिबानिया बलियुम आइपुगे। युद्धमा बलिबानियाले वीर गति प्राप्त गरे। ज्यामरुक शत्रुको अधिकारमा पर्न गयो।

विजयको उत्साहमा उपर्युक्त चौबीसे राज्यहरूको संयुक्त शक्तिले गोरखामा एक्कासी आक्रमण गर्‍यो। आक्रमणको समाचार पाउनासाथ राजेन्द्रलक्ष्मीले सरदार अमरसिंह थापाको नेतृत्वमा गोरखाको मदतको लागि फौज पठाइन्। शत्रुले सो फौजहरूलाई बीच बाटैमा रोक्न गरेको प्रयत्नको फलस्वरूप चिम्लौटी, सिह्लानचोक र ज्यामरुकमा घमासान युद्ध भयो। शत्रुराज्यहरूको हार भयो। वि. सं. १८३९ मा लमजुङ नेपाल राज्यमा मिलाइयो। यसको लगत्तै पछि तनहुँमा पनि अधिकार स्थापित गरियो। वीर अमरसिंहले पल्लो नुवाकोट र पैयुँमाथि पनि विजय हासिल गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिमी राज्यहरूमा पाल्पा राज्य प्रवल थियो । पाल्पाका राजा मुकुन्दसेन द्वितीयको सहायता लिई तनहुँका पराजित राजा हरकुमारदत्त सेन र पर्वतका राजा कीर्तिवम मल्लले संयुक्त रूपबाट कार्य गरी तनहुँलाई मुक्त गराई छोडे ।

नेपाल राज्यको पश्चिमी विस्तारमा पाल्पा राज्य नै सबभन्दा ठूलो अवरोध हो भन्ने कुरा राजेन्द्रलक्ष्मीले राम्ररी बुझिन, पाल्पा राज्यको विरुद्ध काजी अभिमानसिंह बस्नेतको नेतृत्वमा फौज पठाइन् । युद्धमा नेपाली फौज विजय भएता पनि एकपल्टको हार हुँदैमा पाल्पा राज्य नेपाल राज्यमा गाभिने स्थिति थिएन । आफ्नो अस्तित्वबारे त्रस्त पर्वत राज्यले नेपाली फौजलाई अगाडि बढ्नबाट रोक्न आफ्नो फौज लमजुङ तर्फ अग्रसर पारे । पर्वत राज्यको फौज हारेर युद्धस्थलबाट भाग्यो । नेपाली फौजले भिरकोट र रिसिङ्लाई पनि आफ्नो अधिकारमा पाऱ्यो ।

यता राजधानीमा राजमातको वि॰ सं. १८४२ मा मृत्यु भयो ।



बहादुर शाह तथा राजेन्द्रलक्ष्मीको पालामा प्राप्त हालको नेपाल
पृथ्वीनारायण शाहले विजय गरी प्राप्त :.:.

राजेन्द्रलक्ष्मी देवीले राज्य सञ्चालनसम्बन्धी जुन धैर्य, साहस र राजनैतिक कुशलता प्रदर्शित गरिन्, त्यसबाट स्पष्ट हुन्छ कि यिनी एक साधारण नारी थिइनन् । विपक्षीका राज्यहरूको आक्रमणलाई ध्वस्त पारी पृथ्वीनारायण शाहको विजय अभियानलाई चालू बनाइराखिन् । नेपालको इतिहासमा वीराङ्गनाको नामावलीमा मुमा महारानी राजेन्द्रलक्ष्मीको स्थान ठूलो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यास

१. जोडा मिलाऊ

(क) राजेन्द्रलक्ष्मी-	१. काजी अभिमानसिंह बस्नेत
(ख) बहादुर शाह	२. सरदार अमरसिंह थापा
(ग) बलियुमको युद्ध	३. सरदार बलिबानिया
(घ) पाल्पामाथि सर्वप्रथम विजय प्राप्त गर्ने ।	४. बेतियामा केही समयमा निर्वासित जीवन ।
(ङ) चौबिसे राज्यहरूको गोरखा माथिको संयुक्त आक्रमणलाई ध्वस्त पारी तनहुँ, पल्लो नुवाकोट र पैयुँ विजय गर्ने ।	५. नाबालक महाराजा रणबहादुर शाहको प्रतिनिधि ।

२. पृथ्वीनारायण शाहको मृत्युपछि राजदरबारका जुन घात प्रतिघातको शुरूआत भयो, त्यसको एक मूल कारण राजाको असामयिक निधन र उत्तराधिकारीको नाबालिगी तथा अनुभवहीनता हो भन्नेमा विवेचना गर ।

३. शत्रुराज्यहरू शाहवंशको अस्तित्वलाई नै नष्ट गर्ने इरादामा थिए । यस वाक्यमा उल्लिखित शत्रुराज्यहरूमध्ये मुख्य पांच राज्यको नाम बताऊ । ती राज्यहरूलाई इतिहासमा सामूहिक रूपमा कुन संज्ञा दिइएको छ ? सो पनि बताऊ ।

४. राजमाता राजेन्द्रलक्ष्मीद्वारा शत्रुराज्यहरू विरुद्ध गरिएको मुकाबिलाको संक्षिप्त विवरण प्रस्तुत गर ।

५. नेपालको इतिहासमा वीराङ्गनाहरूको नामावलीमा राजमाता राजेन्द्रलक्ष्मी देवीको स्थान निर्धारण गर ।

६. नेपालको मानचित्रमा राजमाता राजेन्द्रलक्ष्मीको शासनकालमा सम्मिलित प्रदेशहरू र प्रादेशिक राज्यहरूको नाम भर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहादुर शाहको समयमा नेपाल राज्यको विस्तार

बहादुर शाह बडामहाराजा पृथ्वीनारायण शाहका माहिला छोरा हुन् । यिनको जन्म नुवाकोटमा वि.सं. १८१४ मा भएको हो । पिताको मृत्युपछि दाजु प्रतापसिंह शाह नेपालका महाराजाधिराज भए । दाजु प्रतापसिंह र भाइ वहादुर शाहमा मेल हुन सकेन । यसैले वहादुर शाह नुवाकोटमा कैद गरिए । पछि जेलबाट मुक्त भई नेपालको सिमाना वाहिर बस्ने आदेश पाउँदा वहादुर शाह कहिले पाल्पा कहिले भारतको बेतियामा गई वस्न लागे ।

प्रतापसिंह शाहको अल्पकालमै वि. सं. १८३४ मा मृत्यु भएकोले अढाई वर्षका युवराज रणवहादुर शाह राजा भए । विदेश निकाला भई बेतियामा वसेका बहादुर शाह नेपाल आए । राजमाता राजेन्द्रलक्ष्मी देवीसित मेल हुन नसकेको हुनाले उनले फेरि विदेशिनु परचो । त्यस बखत उनले देश विदेशको परिस्थिति राम्ररी बुझे ।

वि.सं. १८४२ मा राजमाताको मृत्यु भयो । वहादुर शाह फेरि नेपाल आएर श्री ५ रणबहादुर शाहको प्रतिनिधि भई राजकाज चलाए ।

बहादुर शाहले आफूलाई कुशल राजनीतिज्ञ तथा निपूण व्यक्ति प्रमाणित गरे । आफ्नो हातमा शक्ति आएपछि बहादुर शाहले भतिजा राजा रणवहादुर शाहको भलाइ चिताई दिवङ्गत पिता पृथ्वीनारायण शाहको पश्चिम विजय गर्ने इच्छा पूरा गर्ने कार्यक्रम वनाए ।

वहादुर शाह राज्यको वास्तविक परिस्थितिसित पूर्ण परिचित थिए । बाइसे चौबीसे राज्यहरू जित्ने ठूलो समस्या थियो । यो काम वहादुर शाहले बडो बुद्धिमानीपूर्वक गरे । पाल्पा राज्यसँग मैत्री सम्बन्ध कायम गरेको खण्डमा पश्चिम विजय सम्बन्धी कार्यक्रम निकै सरल हुने थियो । यिनै सब व्यावहारिक कुरालाई ध्यानमा राखी बहादुर शाहले पाल्पासँग सन्धि गरे । चौबीसे राज्यहरू र नेपाल राज्यको बीच युद्ध भएमा पाल्पा चूप लागिदिने भयो । मैत्री सम्बन्धलाई झन् बलियो बनाउन पाल्पाका राजा महादत्तसेनकी पुत्रीसित बहादुर शाहले विवाह गरे ।

यसप्रकार पाल्पाराज्यसित मैत्री सम्बन्ध कायम गरेपछि वहादुर शाहले आफ्नो फौज पश्चिम विजयको निमित्त पठाए । नेपाली फौजले कालीगण्डकी तरी गुल्मीलाई जिते । अनि खाँचीमाथि पनि आफ्नो कब्जा जमाए । अर्कोतिर नेपाली फौजले सल्यानठाना कब्जा गरे । पर्वत राज्यले नेपाली फौजमाथि तीव्र आक्रमण गरचो । लडाइँमा नेपाली फौजको हार भयो । तर नेपाली फौजले हिम्मत हारेन । नेपाली फौजले अर्घातोसमाथि आक्रमण गरी यसलाई जित्यो । इस्मामाथि पनि आक्रमण गरी विजय प्राप्त गरचो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि नेपाली र पाल्पाली सैनिकको संयुक्त शक्तिले पर्वतराज्यमाथि आक्रमण गऱ्यो। युद्धमा पर्वतराज्य हाऱ्यो । वलियो पर्वतराज्यलाई पराजित गरिसकेपछि नेपाली फौजले प्यूठान कब्जा गऱ्यो । काजी दामोदर पाण्डेको नेतृत्वमा नेपाली फौजले दाङमाथि पनि कब्जा जमायो ।

यसरी वि. सं. १८४३ मा नेपाली सैन्यले विजय गर्दै गई भेरी साँध लायो। त्यसभन्दा पर जुम्ला आदि राज्य बलिया थिए। यसैले केही काल नेपाली सैन्य आफ्नो तयारीमा लाग्यो। अनि वि. सं. १८४६ मा नेपाली सैन्यले जुम्ला विजय गऱ्यो। एक वर्ष जतिपछि डोटी कब्जा गऱ्यो ।

यसरी नेपाली राज्यको पश्चिमी सिमाना महाकाली नदीसम्म फैलियो । यसै प्रकार एक एक गरी बाइसे चौबिसे राज्यहरूलाई नेपाली फौजले आफ्नो झन्डा तल पाऱ्यो । पृथ्वीनारायण शाहको पश्चिम विजयको सपना बहादुर शाहद्वारा पूरा हुँदै गयो । पश्चिमी विजयमा पाल्पा राज्यले नेपालको निक्कै सहायता गरेको थियो । यसैले पाल्पालाई अर्घा, खाँची र गुल्मी प्रदान गरियो ।

यसपछि पनि नेपाली सैन्य अगाडि बढ्दै गयो । महाकाली नदी पारी अमरसिंह थापाले नेतृत्व गरेको फौजले वि. सं. १८४७ मा कुमाउँको राजधानी अल्मोडालाई नेपाल राज्यमा मिलाए । कुमाउँ विजयपछि नेपाली फौजले श्रीनगरमाथि आक्रमण गऱ्यो । सरदार अमरसिंह थापा अपूर्व धैर्य र शौर्यको उदाहरण प्रस्तुत गर्दै अन्तमा श्रीनगर दखल गर्न पुगे। यसरी गंगा साँध लाग्यो । बहादुर शाहले विशाल नेपाल बनाएर पृथ्वीनारायण शाहले शुरू गरेको काम पूरा गरे ।

यत्तिकैमा नेपाल र चीनको युद्ध भयो । चीनियाँ फौज अगाडि बढ्दै धैबुङसम्म आइपुगेको हुनाले नेपालले सारा शक्ति त्यतै लगाउनुपऱ्यो । बेत्रावतीको अन्तिम लडाईंपछि युद्ध थामियो र चीनसँग संवत् १८४९ मा सन्धि भयो । यस युद्धले नेपालको पश्चिमतिर बढ्ने उद्योग थामियो, साथै बहादुर शाहको प्रतिष्ठामा पनि केही धक्का पुऱ्यायो ।

अब रणबहादुर शाह जवान भइसकेका थिए। उनले आफै राज्य गर्ने इच्छा गरे । बहादुर शाहले भतिजा राजाको हातमा राज्यभार सुम्पे। अनेक थरीका कारणले गर्दा ढुकुटी रित्तिदै गएको थियो। राजाले दुई तीन वर्ष पहिलेदेखिको हिसाब बहादुर शाहसँग मागे । लडाईंमा त्यत्ो खर्च भएको भन्नासाथै हिसाब तयार पार्न नसकेको निहुँ पारी रणबहादुरले बहादुर शाहलाई कारागारमा पठाइदिए। त्यहीं नै संवत् १८५४ मा बहादुर शाहले संसार छोडे ।

बहादुर शाह योग्य पिताको योग्य पुत्र थिए । उनी एक सच्चा देशभक्त, राजभक्त र वीर पुरुष थिए । उनले नेपालको गौरव बढाउने प्रयत्न गरे । नेपाल अधिराज्यको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिणत भएको धेरै भएको थिएन । यसैले बहादुर शाहले अरू राज्यहरू नेपालमा गाभ्दा सकभर त्यहाँका राजाहरूको इज्जत राखिदिने गर्दथे । त्यहाँका राजाहरूलाई अधीनमा मात्र राखी राजगद्दीमा नै बस्न दिए । त्यसैले ती शत्रु भएनन् ।

अभ्यास

१. जोडा मिलाऊ

(क) काजी दामोदर पाण्डे	१. अलमोडा, नाहन र श्रीनगर दखल
(ख) काजी अमरसिंह थापा	२. दाङमाथि कब्जा
(ग) संवत् १८५४	३. नुवाकोटमा सन्धि
	४. बहादुर शाहको मृत्यु

२. कुटनैतिक क्षेत्रमा राजमाता राजेन्द्रलक्ष्मी र बहादुर शाहको तुलनात्मक अध्ययन प्रस्तुत गर ।

३. बहादुर शाह राज्यको वास्तविक परिस्थितिसित पूर्ण परिचित थिए भन्ने टिप्पणीलाई लिएर राजमाता राजेन्द्रलक्ष्मी र बहादुर शाहले अपनाएको पाल्पाप्रतिको नीतिको विवेचना गर ।

४. बहादुर शाहले विजित राज्यहरूमाथि लिएको नीतिलाई लिएर उनको राजनैतिक दूरदर्शिताबारे व्याख्या गर ।

५. बहादुर शाहले पृथ्वीनारायण शाहको पश्चिमी विजयको सपना कसरी पूरा गरे ? बयान गर ।

६. नेपालको रेखाचित्रमा बहादुर शाहको शासनकालमा नेपाल राज्यमा सम्मिलित प्रदेशहरू र प्रादेशिक राज्यहरूको नाम भर । साथै नेपाल राज्यहरूको सिमाना पनि देखाऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल र भोटको युद्ध

नेपाल र भोटको बीच धेरै अघिदेखि व्यापार सम्बन्ध कायम थियो । यसै प्रसंगमा नेपाल उपत्यकामा मल्ल राजाहरूको टक भोटमा पनि चल्न लागेको थियो । पछिल्लो मल्ल राजाको समयमा नेपालमा मिसौटे टकहरू प्रचलनमा ल्याइए । यस्ता मिसौटे टकहरू



प्रशस्तमात्रामा भोटका बजारमा पनि पुगेका थिए । पृथ्वीनारायण शाहको नीति शुद्ध चाँदीका टक चलाउनुपर्छ भन्ने थियो । यसो हुनाले भोटमा पनि शुद्ध चाँदीका टक चलाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहन्थे । परन्तु भोटले आफ्नो नोक्सानी हुने देखेर त्यसो गर्न चाहेन । त्यसबाट दुई देशका बीच चलिआएको व्यापारमा धक्का पुग्न गयो । यो कुरा मिलाउन पृथ्वीनारायण शाहले बराबर दूत मण्डल भोटमा पठाए तर नेपाल र भोटको बीच कुनै किसिमको सम्झौता हुन नपाउँदैमा वि. सं. १८३१ मकर संक्रान्तिका दिन पृथ्वीनारायण शाहको देहावसान भयो ।

प्रतापसिंहको राज्य कालमा नेपाल र भोटको बीच वि. सं. १८३२ भाद्र महीनामा खासामा वाणिज्य सन्धि भयो । सो सन्धि बमोजिम भोट र भारत बीचको व्यापार नेपालको बाटोबाट हुने, टकको चास्नीमा फरक नपार्ने शर्तहरू थिए । यसबाट भोटमा पुगेका मल्लकालीन मिसौटे टकहरूको समस्याको ने समाधान हुन सकेको थिएन। प्रतापसिंहको मृत्युपछि भोटले सो सन्धिको पालन पनि राम्ररी गरेन ।

वि. सं. १८३८ तिर दिगर्चाका पाल्देन् लामाको मृत्युपछि उनको भाइ श्यामर्पा लामा मठको कायम मुकाम लामा बनेका थिए । उनले त्यस बेला लाखौं रुपियाँ हात लगाए । अत उनी थुनिए । सं. १८४४ मा थुनाबाट उम्की यिनी आफ्ना केही साथीहरूका साथ नेपालमा शरण माग्न आए । श्यामर्पा लामालाई नेपालले शरण दिएको हुनाले भोट र नेपालको सम्बन्ध झन् बिग्रियो । निकट भविष्यमा दुवै देशका बीच लडाईं हुने सम्भावना देखियो ।

यिनै कारणले गर्दा बहादुर शाहले भोटमाथि आक्रमण गरे । नेपाली सैन्य कुती हुँदै टाशीहुम्पोसम्म पुग्यो । त्यसपछि भोटे सेनाको सातोपुत्लो उड्यो । अन्तमा चीनको मध्यस्थतामा दुवै देशका बीच सन्धि भयो। नेपालले आफूले कब्जा गरेको भोटको प्रदेश छोडी दियो। भोटले नेपाललाई हर्जनाको रूपमा वार्षिक पचास हजार रुपियाँ बुझाउने भयो ।

पहिलो वर्ष त भोटले नेपाललाई पचास हजार रुपियाँ बुझायो। तर अर्को वर्षदेखि रुपियाँ बुझाउन सक्दैनौं र यस विषयमा छलफल हुनुपर्छ भनेर एक प्रतिनिधिमण्डल काठमाडौं पठायो । केरुङको सन्धिपत्रमा हस्ताक्षर गर्नेमा बम शाह आदि बाहेक श्यामर्पा लामा पनि थिए । यसैले भोटलाई यो कुरा असैह्य भएको थियो। कुतीमा छलफल भएको खण्डमा श्यामर्पा पनि त्यहाँ आउने छन् र उनलाई पक्रनुपर्छ भन्ने दाउ थियो। तर श्यामर्पा कुती गएनन् । आफ्नो दाउ नलागेको देखेर भोटको प्रतिनिधिमण्डलले नेपाली अधिकारीसँग राम्रो व्यवहार गरेनन् । यी सब कुराको तारतम्य बुझेपछि नेपालतर्फबाट ती प्रतिनिधिमण्डल पक्री काठमाडौं चलान गरिए । अतः केरुङको सन्धि भंग भएको हुनाले बहादुर शाहले भोटमाथि आक्रमण गर्ने योजना बनाए । वि. सं. १८४८ मा दामोदर पाण्डे, देवदत्त थापा, बम शाह आदिको मातहतमा करीब ४,००० नेपाली फौज भोटमाथि आक्रमण गर्न पठाइयो । दामोदर पाण्डेको मातहतमा गएको फौजले दिगर्चासम्म विजय प्राप्त गर्दै गयो र पन्चेन लामाको गुम्बामा आक्रमण गरी केही धनमाल हात लगायो । त्यसपछि दामोदर पाण्डे सैन्यसहित काठमाडौं फर्के ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिगर्चा दखल गरेको र भोटको राजालाई समातेको कुरा थाहा पाएर भोटको सहायताको लागि चीनका बादशाह शियानलुंगले चीनियाँ सेनापति टुङ्थाङ्को मातहतमा एक ठूलो सेना पठाए। टुङ्थाङ्ग सेनासहित ल्हासा पुगेपछि नेपाल सरकारलाई श्यामर्पा लामा र धुरीन काजीलाई सुम्पन सूचना पठाए। परन्तु नेपालले सो कुरा स्वीकार गरेन। यसवाट चीनसँग नेपालको लडाईं हुने भयो ।

चीनको विशाल सेनासँग मुकाविला गर्न नेपालले चाहिदो प्रवन्ध गरिसकेको थिएन । यत्तिकैमा टुङ्थाङ्को मातहतमा चीनियाँ फौजले कुकुर घाटमा आक्रमण गऱ्यो । यतातिर नेपाली सैन्य थोरै मात्र थियो । यसो हुनाले सजिलैसँग कुकुर घाटमा कब्जा गरी अगाडि बढ्दै आई चीनियाँ फौजले केरुङमा हमला गरे । चार पाँच दिनको लडाईंपछि केरुङ दखल गरी चीनियाँ फौज अघि बढ्यो। अनि नेपाली सैन्य रसुवावाट पनि हटी स्याप्रुकमा आई वस्यो । त्यहाँ नेपाली सैन्यले दश वाह्र दिन चीनियाँ फौजलाई रोकिराख्यो । तर त्यहाँबाट पनि नेपालीहरू हट्नुपऱ्यो । अनि धुन्चेमा अलि ठूलो लडाईं भयो । दुवैतिर निकै सिपाही हताहत भए । धुन्चे अनुकूल ठाउँ नहुँदा नेपाली फौज धैवुङमा आएर वस्यो । यहाँसम्म चीनियाँ सैन्यले नेपाली सैन्यसँग कडा मुकाविला गर्न परेको थिएन । अव अगाडि बढ्नु त्यति सजिलो छैन भन्ने कुरा चीनियाँ सेनापतिले बुझे । यसो हुनाले अव उनले दाउपेच गर्न थाले । दुवै तर्फबाट लडाईं थामौं हामीलाई धुन्चेमा वस्न अप्ट्यारो छ, धैवुङमा हामीलाई आउन देऊ, त्यहीं सन्धिको कुरा गरौं भनी टुङ्थाङले समाचार पठाए। नेपालीहरूले यो कुरा मन्जूर गरे । नेपाली सैन्य वेत्रावती वाहिर आएर वस्यो । सन्धिको कुरा चल्दै थियो । एकाएक चीनियाँहरूले नुवाकोटमा आएर कुरा मिलाउने प्रस्ताव राखे । औंला दिंदा डुँडुल्लो निल्ने खालका चिनीयाँहरूको दाउ थाहा पाई स्वाभिमानी देशभक्त नेपालीहरूले मुकाविला गर्न पूरा तयारी गरे । चीनियाँ फौज वेत्रावती तरी अगाडि बढ्नासाथ नेपालीहरूले तीनतिरवाट ठूलो आक्रमण गरे। घमासान लडाईं भयो। चीनियाँ फौज लडाईंको मैदानमा टिक्न सकेन र भाग्न थाल्यो । यस लडाईंमा प्रशस्त संख्यामा चीनियाँ सिपाही मरे ।

अन्तमा वि.सं. १८४९ आश्विन महीनामा नेपाल र चीनको वीच सन्धि भयो। भोट र नेपाल बीच मित्रता कायम भयो। यी दुवै देशको वीचमा कचिङ्गल उठ्यो भने यसका समाधान चीनले गरिदिने भयो । नेपालले पाँच पाँच वर्षमा सौगातसहित एक प्रतिनिधिमण्डल चीन पठाउनुपर्ने भयो । नेपाल र भोट वीचको कुती र केरुङ क्षेत्रको सिमाना निर्धारित भयो । नेपालले श्यामर्पा लामाको लाश र दिगर्चाबाट हात लगाएका केही मालसामान बुझाउनुपर्ने भयो। त्यसवेला श्यामर्पा लामा मरिसकेका थिए । वि.सं. १८४५ को नेपाल र भोट बीचको केरुङको सन्धि रद्द गरिने भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन कालदेखि चीनसँग स्थापित भएको सन्धि सम्वन्ध बीचमा केही काल टुटेको थियो। अब फेरि सम्वन्ध स्थापित भयो। वि. सं. १९६५ मा चीनमा प्रजातन्त्र स्थापित भएपछि यो सम्वन्ध विच्छेद भयो। श्री ५ महेन्द्रको राज्यकालमा वि. सं. २०१२ आश्विन महीनामा नेपाल चीनको वीच पञ्चशीलको आधारमा दौत्य सम्वन्ध कायम भयो।

अभ्यास

१. पृथ्वीनारायण शाहले किन चोखो टक प्रचलनमा ल्याउन खोजे ?
२. नेपाल र भोटको युद्धको बीजारोपण कसले गऱ्यो ?
३. श्यामर्पा लामा किन नेपालभित्र पसे ?
४. चीनले नेपालमाथि आक्रमण गर्नाको मुख्य कारण के थियो ?
५. नेपाल र चीनको वीच भएको सन्धिको मुख्य तीन कुराहरू उल्लेख गर।
६. **निम्न वाक्यहरूमध्ये शुद्ध चाहिँमा यस्तो (√) चिन्ह देऊ**
   (क) नेपालले भोटसँग वेकारमा लड्न निहुँ खोज्यो।
   (ख) श्यामर्पा लामालाई पन्चेन लामाले भोटवाट नेपालतिर भगाए।
   (ग) केरुङको सन्धिपछि भोटले नेपाललाई दुईपटकसम्म पचास–पचास हजार रुपियाँ वुझाए।
   (घ) श्यामर्पा लामालाई भोटबासीहरूले कुटीकुटी मारे।
   (ङ) नेपाल र चीनको बीचको युद्ध राम्ररी सञ्चालन गर्ने व्यक्ति दामोदर पाण्डे थिए।
७. प्रश्न नं. ६ मा अशुद्ध भएका कुराहरू सच्याई शुद्ध कुराहरू लेख।
८. **निम्नलिखित खाली ठाउँमा वि. सं. भर**
   (क) ....मा पृथ्वीनारायण शाहको देहावसान भयो।
   (ख) ....मा नेपाली फौज भोटमाथि आक्रमण गर्न पठायो।
   (ग) ....मा नेपाल र चीनको बीच सन्धि भयो।
   (घ) ....मा नेपाल र चीनको वीचमा सम्वन्ध विच्छेद भयो।
   (ङ) ....मा नेपाल र चीनको बीच दौत्य सम्बन्ध कायम भयो।
९. **फोष्ठभित्र दिएका शब्दहरूमध्ये शुद्ध चाहिँ छानेर खाली ठाउँहरूमा भर**
   (क) दामोदर पाण्डे......हुँदै टासीहुम्पो पुगे। (केरुङ, कुती, खासा)
   (ख) चीन सम्राट......ले......को मातहतमा एक ठूलो सेना पठाए।
   (चान्चु, टुङथाङ, पन्चेन लामा)
   (ग) नेपाल र भोटको युद्ध भएको वेलामा नेपालको मुख्तियार........थिए।
   (दामोदर पाण्डे, बहादुर शाह, भीमसेन थापा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) चीनियाँ फौज......सम्म आइपुग्यो (नुवाकोट, काठमाडौं, धैवुङ)

(ङ) वि. सं. १८३२ मा.....को राज्यकालमा खासामा नेपाल र भोटको बीच वाणिज्य सन्धि भयो । (पृथ्वीनारायण शाह, प्रतापसिंह, रणबहादुर शाह)

१०. नेपालको नक्शा खिची निम्न स्थानहरू अंकन गर

रसुवा, नुवाकोट, वेत्रावती, स्याप्रुक, धुन्चे, काठमाडौं, धैवुङ ।

११. नेपाल र चीनको युद्धमा नेपाली सेनाहरूले कुन ठाउँमा ज्यादै वीरतापूर्वक लडेर यश कमाए, सो पचास शब्दमा विवरण देऊ ।

१२. निम्नलिखित उखानहरूको अर्थ एकएक वाक्यमा देऊ, साथै ती उखानहरू कुन प्रसंगमा मिल्न आउँछन् ? सो पनि संक्षेपमा वताऊ ।

झाँटिलो छोरालाई बाघले खाँदैन, शरण पर्नेको मरण गर्नु हुन्न, औंला दिंदा डुँडुलो निल्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको अङ्ग्रेजहरूसँग युद्ध

प्रथम चरण

अङ्ग्रेजहरू व्यापारिक ध्येयले भारतमा घुसेका थिए। त्यहाँका विभिन्न राज्यहरू कमजोर हुँदै गएको मौका छोपी भारतीय समतल मैदानमा उनीहरूले विस्तारै आफ्नो शक्ति बढाउँदै लगें। त्यसवेला यस हिमालखण्डमा नेपालीहरूले आफ्नो राज्य विस्तार गर्दै गएका थिए। सो हुँदा यी दुई शक्तिहरूका वीच सिमानासम्वन्धी कचिंगल उठ्नगयो र अन्त्यमा वि. सं. १८७१ मा नेपालको अङ्ग्रेजहरूसँग युद्ध भयो।

पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा अघि उनको विरुद्ध जयप्रकाश मल्लको अनुरोधमा इष्ट इन्डिया कम्पनी सरकारले कप्तान किनलोकको नेतृत्वमा सिन्धुलीगढीको वाटोबाट फौज पठाएको थियो। तर कप्तान किनलोकको सो सैनिक अभियान विफल भयो। जनकपुर अञ्चल अन्तर्गत भित्री मधेश सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीगढी हो।

पृथ्वीनारायण शाहको देहावसानपछि कम्पनी सरकारले नेपालीसित तथा नेपालको वाटोबाट अरू देशसँग व्यापार सम्वन्ध स्थापित गर्ने उद्देश्यले वरावर सम्वन्ध राख्ने कोशिश गऱ्यो। तर वि. सं. १८४८ अगाडि कुनै किसिमको सम्झौता हुन सकेन। अङ्ग्रेजहरू नेपालको राजनीतिमा केही गडवडी पैदा भयो कि आफ्नो स्वार्थ पूर्ति गर्न अघिसर्थे। नेपाल र चीनको युद्धमा कम्पनी सरकारको सैनिक सहायता पाउने आशाले वि.सं. १८४८ फागुन महीनामा अङ्ग्रेज रेजिडेण्ट डंकनमार्फत पेश गरिएको व्यापारिक सन्धिमा नेपालद्वारा हस्ताक्षर गरियो।

यस सन्धिअनुसार दुवै राज्यहरूले आफ्नाआफ्ना इलाकामा सवा दुई प्रतिशत भन्सार लिने निर्णय गरे। पछि कम्पनी सरकारको तर्फवाट कर्क पेट्रिकको नेतृत्वमा एक प्रतिनिधिमण्डल वि.सं. १८४९ मा नेपालमा आयो। यस प्रतिनिधिमण्डलको नियत नेपालको राजनीतिमा हात हाल्नेजस्तो वुझिएकोले वहादुर शाहले कर्क पेट्रिकलाई नेपालबाट विदा दिए। वि.सं. १८५७ मा रणवहादुर शाह काशी गए। यसबाट इष्ट इन्डिया कम्पनीका अधिकारीहरूले नेपालको राजकाजमा हात हाल्ने फेरि मौका पाए। उनीहरूले रणवहादुर शाहलाई स्वागत गरी आफ्नो रेखदेखमा राखे। यो देखी अङ्ग्रेजको मदतले रणवहादुर शाह नेपाल फर्कलान् भन्ने डरले नेपालका शासकहरूले कम्पनी सरकारसँग वि. सं. १८५८ कार्तिकमा सन्धि गरे। यो सन्धिअनुसार रणवहादुर शाह काशीमै रोकिए तथा उनलाई चाहिने खर्च कम्पनी सरकारमार्फत नेपाल सरकारले वेहोर्ने भयो। दुवै देशका वीच राजदूत रहने भयो। सन्धिअनुसार कप्तान नक्स वि. सं. १८५८ मा नेपालमा कम्पनी सरकारका राजदूत भएर आए। पछि रणवहादुर शाहकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल - अंग्रेज युद्ध

विवादग्रस्त क्षेत्रहरू



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जेठी महारानी राजराजेश्वरी देवी काशीबाट नेपाल फर्केपछि वि. सं. १८५६ को अन्त्यतिर नक्सले नेपाल छोड्न बाध्य हुनुपर्‍यो । वि. सं. १८६० माघ महीनामा इष्ट इन्डिया कम्पनी सरकारका गभर्नर वेलज्लीले सो सन्धि भंग भएको घोषणा गरे ।

दोस्रो चरण

यूरोपमा अङ्ग्रेजहरूले नेपोलियन (फ्रान्सका बादशाह) सित मुकाबिला गर्नुपर्दा भारत स्थित सरकारलाई देशी राजाहरूको झै-झगडामा तटस्थ रहने आदेश दिइएको थियो। यसैले सिमानासम्बन्धी कैयन् कचिंगलहरू सौहार्दपूर्ण वातावरणमा समाधान गरिएका थिए ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुभन्दा अघि पहाडी खण्डका केही राजा-रजौटाहरूले भारतका मुसलमान शासकहरूसँग विशेष गरेर अवधका नवाबसँग मालपोत तिर्ने शर्तमा केही जमीन हात लगाएका थिए। अङ्ग्रेजहरूले भारतमा आफ्नो आधिपत्य जमाएपछि ती जमीनहरू सम्बन्धी कचिंगल उठ्नु स्वाभाविक थियो । यस्ता तरहबाट उत्पन्न कचिंगल मित्रवत् तरीकाले टुंगिदै गएको थियो तर पछि भारतका शक्तिशाली राज्यहरूलाई दबाउन सफल भएका नेपोलियनको भयदेखि पनि मुक्त भएका अङ्ग्रेजहरूले अघिझैं नेपालीसित सिमाना-सम्बन्धी झगडामा उचित न्याय देखाउन छोडे। यसो हुँदा स्यूराज र बुटवल सम्बन्धी झगडाको निहुँले नेपाल र अङ्ग्रेजको बीच युद्ध भयो ।

स्यूराज र बुटवल अवधका नवाब वजीरका अधीनमा थिए। स्यूराजचाहिँ अङ्ग्रेजहरूले दखल गर्नु अगावै नेपालको कब्जामा परिसकेको हुनाले सो नेपालकै हो भन्ने कुरा अङ्ग्रेज-हरूले वि. सं. १८६२ मा नै राम्ररी स्वीकार गरिसकेका थिए । बुटवलको जमीन्दारको हकमा पाल्पाली राजाहरूले नवाब बजीरसँग मालपोत बुझाउने शर्तमा लिएका थिए । परन्तु त्यहाँ पछि कम्पनी सरकारको अधिकार भयो । पाल्पाका तत्कालीन हाकिम अमरसिंह थापाले (भीमसेन थापाका पिता) बुटवलमा पनि अधिकार स्थापित गरे। यस सिलसिलामा दुवै सरकार-का बीच लेखापढी हुँदै थियो । तर माथि भनेजस्तै यसपटक अङ्ग्रेजहरूले झगडा मिलाउन-तिर नलागी लडाइं गर्नतिर लागे ।

वि. सं. १८७० फागुन (११ मार्च, १८१४ ई.) मा भारतका तात्कालीक गभर्नर जनरल मार्क्विस अफ हेस्टिंग्स्ले नेपाल सरकारलाई स्यूराज र बुटवल २५ दिनभित्र छोडिदिने पत्र पठाए । नेपाल सरकार यस विषयमा विचार गर्दै थियो । यत्तिकैमा २५ दिन नाघेकोले अङ्ग्रे-जहरूले सो विवादग्रस्त इलाका कब्जा गरे । तर वि. सं. १८७० चैत्रमा नेपालीहरूले ती स्थान-हरू फेरि आफ्ना अधीनमा ल्याए । यत्तिकैमा (वि. सं. १८७१ कार्तिक १८ गते) लर्ड हेस्टिंग्स्ले नेपालको विरुद्ध युद्धको घोषणा गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इस्ट इन्डिया कम्पनी सरकारले करीब चारसय कोश लामो नेपालको सीमावर्ती क्षेत्रमा बेग्लाबेग्लै स्थानहरूमा आफ्नो सैनिक अड्डा राखिसकेको थियो । यसले नेपालको पूर्वीय भाग कब्जा गर्न मेजर लेटर तैनात गरिएका थिए । नेपालको पश्चिम इलाकाहरूमाथि अधिकार गर्न मेजर जनरल अक्टरलोनी पू. पन्जावस्थित (भारत) लुधियानामा डटिरहेका थिए। बुटवलको बाटोवाट पाल्पामाथि आक्रमण गर्न मेजर जनरल उडको नेतृत्वमा रहेको फौज उत्तर प्रदेशस्थित (भारत) वनारस र गोरखपुरमा अड्डा जमाएर वसेको थियो। मेजर जनरल जिलेप्सी देहरादून, गढवाल, श्रीनगर आदि ठाउँ कब्जा गर्न तम्सिएका थिए । मेजर जनरल मार्ले मकवानपुरको बाटोवाट काठमाडौंमाथि आक्रमण गर्न हारनपुरमा एक ठूलो सेनाको साथ तयार भएर वसेका थिए । यी सबैको तुलनामा नेपालको सैनिक वल कमी थियो साथै आधुनिक हातहतियारको पनि कमी थियो । तर वीर नेपालीहरूमा हौसला तथा आत्मविश्वास थियो । उनीहरू देश नरेशको निमित्त आफ्नो ज्यान अर्पण गर्न कटिवद्ध थिए । वीर नेपाली सेनामा आत्मगौरवको भावना भरिपूर्ण थियो । नेपाल र अङ्ग्रेजको युद्धमा सक्रिय भाग लिई देशको नाम चिर स्मरणीय पार्ने देशभक्त, वफादार एवं रणकुशल नेपालीहरूमध्ये वलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापाको नाम लिंदा आजसम्म पनि नेपालीको छाती फुलेर आउँछ । यस्तै वीरहरूको त्याग र वलिदानले नै देशको स्वतन्त्रता जोगिई रहेछ भन्नुमा अत्युक्ति नहोला ।

तेस्रो चरण

वलभद्र देहरादूनदेखि पाँच मील जति पर नालापानीको थुममा वनको खलंगामा तैनात भएर वसेका थिए । उनका साथ तीनसय जति सेना थिए । तिनमा कति त आइमाई र केटाकेटीहरू थिए। यति जावो फौजले अङ्ग्रेजको आधुनिक हातहतियारले सुसज्जित भएका सेनासँग मुकाविला गर्नु मामुली कुरा थिएन । अङ्ग्रेजहरूले बलभद्रलाई नलडी आत्मसमर्पण गर्ने ब्यहोराको चिठी पठाए तर उनले सो चिठी च्यातचुत पारी दुश्मनसँग डटेर लड्न हाँक दिए । साथै आफ्ना थोरै तर साहसी सेनालाई लड्न सुरयाए । नेपाली वीरहरूले कसैसँग पनि झुक्न जानेको छैन भन्ने कुरा चरितार्थ गरी उनीहरूले किल्लाको रक्षा गर्न थाले । घमासान लडाइँ भयो । जिलेप्सीसहित धेरै अङ्ग्रेजहरू हताहत भए । जवानहरू त के कुरा आइमाईहरूले समेत ढुंगा मूढा गरेर दुश्मनहरूलाई हाराबारा खेलाए । ढुंगाको साधारण पर्खाल लगाएको किल्ला तोपको गोलाको सामुन्ने कति अडोस् ? तापनि जति पर्खाल भत्किदै जान्थे, उती नेपाली वीरहरू वनाउँदै जान्थे । अङ्ग्रेजहरूले हायल कायल भएर अन्त्यमा त्यस किल्लाभित्र जाने पानीको मुहान अर्कोतिर फर्काइदिए । भोक र प्यासले सताइए तापनि केही दिन नेपाली सैन्यले गुजारा गरयो । अन्तमा दुश्मनहरूले चाल नपाउने गरी बलभद्र बाँकी सत्तरी जनाजति सेना लिई किल्लाबाहिर निस्के । अनि खोलाको पानी पिई जंगलतिर लागे । दुश्मनहरूले खोजुन्जेल ती वीर सेनाहरू कताकता पुगिसकेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। बलभद्रको त्यस्तो असाधारण वीरता, चातुर्य एवं रणकुशलतादेखि अङ्ग्रेजहरू छक्क परे। यसो हुँदा पछि अङ्ग्रेजहरूले बलभद्रको वीरताको कदर गरी उनको सम्झनामा राखेका एक शिलापत्र त्यहाँ छँदैछ। यस प्रकार बलभद्रले आफ्नो ज्यानले भ्याएसम्म आफ्नो देश र नरेशको लागि लडेर संसारलाई नेपाली वीरता देखाए। वीर बलभद्रको उदाहरणको अनुसरण गर्दै हामी नेपालीले देशमा शंकट परेको वेलामा त्यस्तै वीरता देखाउन सिकौं।



बलभद्र कुँवर

खलङ्गा किल्ला जितेपछि अङ्ग्रेजहरू नाहानको किल्ला जैथकतिर लागे। अङ्ग्रेजहरू जैथकको किल्ला नजीक आई पुग्नेवित्तिकै नेपालीहरूले उनीहरूसँग वीरताका साथ लडेर उनीहरूलाई धपाइदिए।

यता जनरल उड गोरखपुरवाट बुटवल नजीकै जीतगढको किल्लामा आई पुगे तर यिनीहरू नेपालीहरु द्वारा नराम्रोसँग हराइए। यसरो यिनको बुटवलमाथि आक्रमण गर्ने अभियान पनि विफल भयो।

नारायणी अञ्चलस्थित काठमाडौंदेखि दक्षिणपट्टि रहेको अमलेखगन्ज (तिनताकको भिक्षाखोरी) र हेटौंडाको पहाडी भाग हुँदै तराईको बाटोवाट काठमाडौंमाथि आक्रमण गर्न आएका मार्लेको योजनालाई वीर नेपालीहरूले विफल गराए।

नेपालको पश्चिमी इलाकाको रक्षार्थ अमरसिंह थापा आफ्नो सेना, शस्त्रअस्त्रसहित मलाउं किल्लामा डटिरहेका थिए। उता मेजर जनरल अक्टरलोनी यसै किल्लालाई लक्ष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै अगाडि वढे । अमरसिंह थापाले अङ्ग्रेजहरू मलाउँ आइनपुग्दै बीचैमा हमला गरिदिए । अङ्ग्रेजतर्फका धेरै सेनाहरू हताहत भए। अङ्ग्रेजहरूले यिनलाई हात लिन ठूलाठूला प्रलोभन देखाई आत्मसमर्पण गर्न आह्वान गरेका थिए। तर देशभक्त एवं वफादार अमरसिंह अङ्ग्रेजहरूको प्रलोभनमा भुलेनन् अमरसिंह थापाको प्रशंसा अङ्ग्रेज इतिहासकारहरूले समेत गरेका छन् । नेपाल माताका एक अर्को सपूत वीर भक्तिथापा हुन् । उनले अङ्ग्रेजले अधिकार गरिसकेका मलाउँमुनि तीन मिल पर स्थित किल्ला देउथलमाथि आक्रमण गरे। त्यसबखत यिनी सत्तरी वर्षका थिए तापनि यिनको चेहरामा वीरता झल्कन्थ्यो । यिनले हातमा तरवार लिएर तीन पटकसम्म दुश्मनको तोपमाथि अधिकार गर्न अगाडि वढे तर यिनले वीरगति प्राप्त गरे ।

यसप्रकार मातृभूमिको लागि भक्ति थापाले देखाएको वीरताद्वारा प्रभावित भएर उनको लाश दोसल्लाले बेरी सम्मानपूर्वक नेपालीहरूकहाँ पठाइदिए । वीर भक्ति थापाले देशरक्षार्थ जुन अनुपम साहस देखाए त्यसलाई प्रत्येक नेपालीले गौरव सम्झी त्यसरी नै देश सेवा गर्ने बानी बसाल्नु पर्छ ।

अमरसिंह थापा

अमरसिंह थापालाई सहायता गर्न पठाएको थप सैन्यलाई अङ्ग्रेजहरूले घेरेको र रसद पानीको अभाव भएकोले अल्मोडा नेपालको हातबाट गुम्यो । उता सिक्किमका राजालाई सहायता गर्न आएका अङ्ग्रेजहरूले मोरङको केही भाग कब्जा गरे ।

११२२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमाउँ, गडवाल आदि प्रदेशहरू अङ्ग्रेजको अधीनमा परेपछि सन्धिको कुरा चल्यो । यसै सिलसिलामा राजगुरु गजराज मिश्र सुगौली पुगे । अङ्ग्रेजहरूको प्रतिनिधि मेजर ब्राडशाले निम्नलिखित शर्तहरू स्वीकृत भएमा युद्ध बन्द गर्ने वचन दिए । ती यी हुन् –

१. नेपाल र इस्ट इन्डिया कम्पनीको बीच मैत्री सम्बन्ध हुने ।
२. नेपालले जितेको महाकाली पारका सबै प्रदेशहरू फिर्ता गर्ने ।
३. तराई प्रदेश अङ्ग्रेजले पाउने र त्यहाँबाट नेपाली फौज हटाउने ।
४. बृटिश सरकारको अनुमतिविना कुनै यूरोपेली र अमेरिकालाई नेपालले नोकरीमा राख्न नपाउने ।
५. नेपालले प्रतिवर्ष बृटिश सरकारबाट दुई लाख रुपियाँ पाउने ।
६. दुवै राज्यहरूमा राजदूत रहने र यी शर्तहरूको मन्जूरनामामा नेपालका महाराजाधिराजको हस्ताक्षर भई पन्ध्र दिनमा कम्पनी सरकार कहाँ बुझाउने ।

यस विषयमा छलफल गर्न नेपालमा भारदारी बस्यो । केही भारदारहरू उपर्युक्त शर्तहरू मन्जूर गर्ने पक्षमा थिएनन् । मन्जूरनामा म्यादभित्र नआइपुगेको हुनाले लर्ड हेस्टिंग्सले दोस्रो पटक नेपालमाथि आक्रमण गर्न फौज पठाए । सो फौज नेपाल उपत्यकामा पस्ने उद्देश्यले एक्कासी हेटौंडासम्म आइपुग्यो ।

यसो हुनाले वि.सं. १८७२ मंसीरमा नेपाल र इस्ट इन्डियाको बीच सुगौलीको सन्धि भयो । नेपाल तर्फबाट चन्द्रशेखर उपाध्याय, राजगुरु गजराज मिश्र र कम्पनी सरकारका तर्फबाट मेजर ब्राडशाले सन्धिपत्रमा हस्ताक्षर गरे । सन्धिपत्रको एकएक प्रति स्वीकृतिको लागि श्री ५ गीर्वाणयुद्ध शाह कहाँ र लर्ड हेस्टिंग्स कहाँ पठाइयो । वि.सं १८७२ फागुनमा सो सन्धि कार्यान्वित भयो ।

सन्धि अनुसार कम्पनी सरकार र नेपाल सरकारको बीच मैत्री कायम भयो । विवादग्रस्त इलाकाहरू त्यागी सो इलाकाहरूको एकाधिपत्य कम्पनी सरकारमा निहित गराउने नेपाल सरकारले स्वीकृत दियो । नेपालको सिमाना पूर्वमा मेची र पश्चिममा महाकाली निर्धारित भयो । नेपालले सिक्किमको स्वतन्त्रतालाई मान्यता दियो । नेपाल र कम्पनी सरकारको बीचमा मित्रता सुदृढ पार्न राजदूत स्तरमा दौत्य सम्बन्ध कायम भयो। यस अनुसार वि. सं. १८७३ वैशाखमा एडवर्ड गार्डनर नेपालमा राजदूत नियुक्त भएर आए ।

पृथ्वीनारायण शाहले जुन किसिमले नेपालको एकीकरण गरे, पछि सो नीतिको अनुसरण ठीकठीक रूपमा हुन सकेको थिएन । नेपालले जितेका महाकाली पश्चिमका प्रदेशहरूमा राम्रो शासन कायम हुन सकेको थिएन । जनताको हृदय जित्ने काम हुन पाएको थिएन । त्यसैले नेपाल र अङ्ग्रेजहरूको युद्धमा त्यतातिरको जनताबाट सहानुभूति एवं सहयोग चाहिँदो प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकेको थिएन । पृथ्वीनारायण शाहको देहावशानपछि नाबालिक महाराजाधिराजहरूले उनका महान् उद्देश्यहरू पूरा गराउनको लागि भारदारहरूको भर पर्नुपरेको थियो । हुन त सबै भारदारहरू देशभक्त थिए । तैपनि शक्ति हात लाउने होडवाजी चल्दा मुलुक केही कमजोर हुनु स्वाभाविकै थियो । सवभन्दा मुख्य कुरा नेपालीहरू जतिसुकै वीर, रणकुशल, देशभक्त, एवं वफादार भए तापनि यातायातको कठिनाइ र आधुनिक हातहतियारको अभावले गर्दा नेपालले अङ्ग्रेजसँग ठाउँठाउँमा हार खानुपरयो ।

अभ्यास

१. अङ्ग्रेजहरूले जयप्रकाश मल्ललाई सैनिक सहायता दिनुको उद्देश्य के थियो ?

२. कुन परिस्थितिले गर्दा दामोदर पाण्डेको समयमा वि.सं.१८५८ मा व्यापारिक सम्झौता गर्नुपरयो ? सात हरफमा व्याख्या गर ।

३. नेपाल र कम्पनी सरकारको वीच सिमानासम्वन्धी कचिंगल किन र कसरी उत्पन्न भयो र ती कचिंगल वि.सं. १८७१ अगाडि के कारणले समाधान भयो ? एक सय शब्दहरूमा विश्लेषण गर ।

४. नेपाल र कम्पनी सरकारको वीच युद्ध हुनाको तत्कालीन कारण पचास शव्दहरूमा व्याख्या गर

५. खलंगाको युद्धमा बलभद्रले देखाएको चातुर्य एवं वीरता सत्तरी शब्दहरूमा व्याख्या गर ।

६. अमरसिंह एक सच्चा देशभक्त थिए भन्ने कुरा पुष्टी गर्न एक ज्वलन्त उदाहरण देऊ ।

७. नेपाल अङ्ग्रेजहरूको युद्धमा भक्ति थापाले देखाएको असाधारण साहस तीन हरफमा स्पष्टसँग वर्णन गर ।

८. नेपाल र अङ्ग्रेजहरूको युद्धमा नेपाललाई पर्न आएका कठिनाइहरूमध्ये दुईवटा उल्लेख गर।

९. सुगौलीको सन्धिको दश वाक्यहरूमा विवेचना गर ।

१०. निम्न व्यक्तिहरूको परिचय दुई दुई वाक्यहरूमा देऊ

(क) कप्तान किनलोक (ख) नक्स (ग) चन्द्रशेखर (घ) वलेज्ली (ङ) जिलेप्सी (च) मेजर ब्राडशा ।

११. नेपालसहित भएको भारतको नक्शा वनाई मुख्यमुख्य युद्धस्थलहरू, त्यहाँ तैनात गरिएका अङ्ग्रेजहरू र तिनीहरूसँग सामना गर्ने नेपालीहरूको नाम अंकित गर ।

१२. निम्नलिखित सालहरू किन प्रसिद्ध छन् ? एक एक वाक्यमा लेख ।

१८४६, १८६०, १८७१, १८७२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. समूह "ख" बाट शब्दहरू झिकी समूह "क" मा मिल्ने गरी वाक्य बनाऊ

(क)	"ख"
१. एडवर्ड गार्डनर	१. खलङ्गाको युद्धमा मारिने जनरल
२. अक्टरलोनी	२. गढ
३. खलङ्गा	३. किल्ला
४. मलाउँ	४. काठमाडौंको एक गाउँ
५. देउथल	५. राजदूत
	६. पश्चिमतिर खटिएका अङ्ग्रेज जनरल
	७. भक्ति थापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारदारहरूमा शक्तिको लागि दाउपेच

प्रतापसिंह शाहको मृत्युदेखि जङ्गबहादुरको उदय नहुन्जेलसम्म नेपालको राजकाज राजा, महारानी तथा भारदारहरूको बीचमा आफ्नो हातमा शक्ति लिनको लागि बराबर षड्यन्त्र, झैझगडा तथा दाउपेच चलिरहे, जसको फलस्वरूप शाहवंशमा कमजोरी आयो र नेपालमा राणाहरूको उदय हुनगयो । यसका मुख्य कारण यी हुन्—

१. शासक अर्थात् राजाहरू कम उमेरका हुनु ।
२. राज्यको शासनभार हात लगाउन महारानी र मन्त्रीहरूमा दाउपेच चल्नु ।
३. पाण्डे, थापा आदि भारदारहरूको स्वार्थपरता ।
४. अङ्ग्रेजहरूको नेपालमा प्रवेश ।

श्री ५ रणबहादुर शाह

वि. सं. १८३४ मा प्रतापसिंहको मृत्यु भएकोले उनका अढाई वर्षका छोरा रणबहादुर शाहलाई नेपालको राजगद्दीमा राखी प्रतापसिंहकी महारानी राजेन्द्रलक्ष्मी देवी नायव भई नेपालको शासन गर्न लागिन् । नेपालका बीराङ्गनाहरूमध्ये तिनी पनि एक थिइन् । पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाह र यिनी भएर पृथ्वीनारायण शाहले खडा गरेको नेपाल राष्ट्रलाई तीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोब्बरजति ठूलो तुल्याए तर यिनले र बहादुर शाहले आ–आफ्नो शक्ति बढाउन खोजे। यसले गर्दा दाउपेच गर्ने मौका मिल्यो ।

श्री ५ गीर्वाण युद्ध विक्रम शाह

रणबहादुर शाह ठूलो भएपछि बहादुर शाहको हातबाट नायबी झिकियो तथा बहादुर शाह थुनामा परे । त्यहीं उनको मृत्यु भयो । रणबहादुर शाहले आफैं राज्य चलाउन लागे । रणबहादुर शाहका राजराजेश्वरी, सुवर्णप्रभा, कान्तीमति नामक महारानीहरू थिए । कान्छी महारानी कान्तीमतिउपर यिनको विशेष प्रेम थियो । यिनले उनबाट जन्मेको डेढ वर्षका छोरा गीर्वाणयुद्ध विक्रम शाहलाई राजगद्दीमा राख्ने विचार गरे । यस कुरामा धेरैलाई चित्त बुझेको थिएन तापनि धेरै भारदारहरूको सहमति प्राप्त गरियो । यसअनुसार वि. सं. १८५५ को फागुन महीनामा बालक गीर्वाणयुद्ध विक्रम राजा घोषित गरिए । रणबहादुर शाह स्वामी भई परमनिर्गुणानन्दको नामले रहन लागे । पछि उनले सो नाम पनि फेरि महानिर्वाणानन्द राखे । तर यसको केही समयपछि आफ्नी प्यारी महारानी कान्तीमतिको मृत्यु भएकोले रणबहादुर शाहलाई मनमा ज्यादै चोट परयो । रणबहादुर शाहलाई नियन्त्रण राख्न नसक्ता भारदारहरूले नुवाकोटमा राजधानी सारे । अनि स्वामी महाराजालाई नजरबन्दमा राख्ने सल्लाह भारदारहरूले गरिरहेका छन् भन्ने हल्ला उनको कानमा पारिदिंदा उनी रीसले चूर भए । नुवाकोटमा हमला गर्छु भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयारीमा उनी लागे । केही ठूलाठूला भारदारहरूले उनको साथ दिए । तर नुवाकोटबाट पनि फौज हिंड्यो भन्ने खबर आएपछि रणबहादुर शाह काशीतिर लागे । महारानी राजराजेश्वरी, भीमसेन थापा, बालनरसिंह आदि भारदारहरू पनि राजाकै पछि लागे ।

यस वेलादेखि मूल काजी कीर्तिमान सिंह वस्नेतको हातमा ठूलो शक्ति आयो तर यसको केही समयपछि कीर्तिमान सिंहको हत्या गरियो । अब दामोदर पाण्डेको शक्ति बढ्यो ।

दामोदर पाण्डे

उता काशी गएका रणबहादुर शाह नेपाल फर्कने विचारमा लागे । दामोदर पाण्डेहरू चाहिँ अङ्ग्रेजसँग सन्धि गरी रणबहादुर शाहलाई काशीमै रोकिराख्न चाहन्थे । यसैले वि. सं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८५८ मा अङ्ग्रेजहरूमा राजदूत भएर नक्स नेपालमा आए । यही वेलामा राजराजेश्वरी नेपाल फर्किन् र सुवर्णप्रभाको हातको नायवी आफ्नो हातमा लिइन् । अनि नक्स असफल भई फर्के, सन्धि भङ्ग भयो । रणवहादुर शाहलाई काशीमा रोकिराख्ने कुनै बन्धन रहेन । उनी नेपाल फर्किने तयारीमा लागे । भीमसेन थापाले आवश्यक प्रवन्ध मिलाए । अनि रणवहादुर शाह अनुयायीहरूको साथ नेपालतिर लागे । रणवहादुर शाहलाई रोक्न फौजसाथ दामोदर पाण्डे गए । तर फौजले रणबहादुर शाहको साथ दिएको हुनाले दामोदर पाण्डे कैद गरिए । यसै काण्डमा उनी र अरू केही मारिए । राजराजेश्वरी हेलम्बू निकालिइन् ।

दामोदर पाण्डे नेपालका एक वीर पुरुष थिए । यिनी गोरखाका प्रसिद्ध पाण्डे वंशका काजी कालुपाण्डेका छोरा थिए । नेपाल राष्ट्रको निर्माणको काममा यिनले पनि ठूलो भूमिका खेलेका थिए । प्रतापसिंहको मृत्युपछिको राजेन्द्रलक्ष्मी तथा वहादुर शाहको मुख्य अफिसर भई विभिन्न ठाउँमा लडी नेपालको सिमाना बढाउन यिनले ठूलो योगदान दिएका थिए । बहादुर शाहको पालामा भोटसँग लडाइँ हुँदा भोटेहरूलाई हराएर नेपालको गौरव बढाएका थिए । चीनसँगको लडाइँमा पनि यिनले बहादुरी देखाएका थिए ।

काशीबाट फर्केका केही कालपछि रणवहादुर शाह मुख्तियार वनी आफ्ना छोराको प्रतिनिधि भएर नेपालको शासन चलाउन लागे । छोराको नाममा केही महीना शासन गरेपछि वि. सं. १८६३ वैशाख महीनामा रणवहादुर शाह उनका भाइ चौतरिया शेरवहादुरद्वारा मारिए । यस काण्डमा पाल्पाका राजा पृथ्वीपाल सेन र अरू ठूलाठूला भारदारहरू पनि मारिए । हेलम्बूबाट आई राजराजेश्वरी सती गइन् । यसरी प्रतिपक्षीहरूलाई पन्छाउन अवसर पाएपछि भीमसेन थापा सर्वेसर्वा वन्दै गए । रणवहादुर शाहकी कान्छी महारानी ललितत्रिपुरसुन्दरीको समर्थन भीमसेन थापाले पाएका थिए । यसले गर्दा भीमसेन थापाको शक्ति झन् बढ्दै गयो । वि. सं. १८६८ मा भीमसेन थापा जनरल बने ।

यसपछि नेपालको अङ्ग्रेजहरूसँगको युद्धमा नेपालका केही प्रदेश गुमेका हुनाले यसवाट भीमसेन थापाको प्रतिष्ठामा धक्का पर्‍यो । यत्तिकैमा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको मृत्यु भयो र राजगद्दीमा तीन वर्षका राजेन्द्र विक्रम शाह राखिए । यसो हुनाले भीमसेन थापा पूर्ववत् राजकाज गर्न लागे । भीमसेन थापा प्रतिभाशाली पुरुष थिए । बाँकी रहेका नेपाल जोगाउन र मजबूत पार्न सुधार गर्नु आवश्यक छ भन्ने कुरा उनले राम्ररी बुझेका थिए । तदनुसार उनले अनेक सुधार गरे ।

भीमसेन थापाले यसरी सर्वेसर्वा भई शासन गरेको केही भारदारहरूलाई मनपरेको थिएन । वि.सं. १८८८ मा ललितत्रिपुरसुन्दरीको मृत्यु भयो । यसपछि भीमसेन थापाका बिरोधीहरूले टाउको उठाउन थाले । यिनमा खास गरी दामोदर पाण्डेका छोरा रणजङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डे भीमसेन थापाका दुश्मन भई निस्के । दामोदर मारिनामा भीमसेन थापाको हात छ

श्री ५ राजेन्द्र विक्रम शाह

भनी उनी यसको बदला लिन चाहन्छे । उता श्री ५ राजेन्द्र विक्रम शाह समर्थ हुँदै आए। उनकी रानीहरू र भीमसेन थापाका विरोधीहरूले उनको विरुद्ध राजाको कान भर्न शुरू गरे। यस अवस्थामा आफ्नो स्थिति पूर्ववत् कायम गर्न वि. सं. १८९२ मा भीमसेन थापाले जीउ-ताभर मुक्तियार रहन लालमोहर गराई लिए । भीमसेन थापाको दबाउमा परी लालमोहर गरिए तापनि श्री ५ राजेन्द्र विक्रम शाह यसबाट झन् सशङ्क भए । यसैले भीमसेन थापालाई पन्छाउने योजना भित्रभित्रै बन्न लाग्यो । यत्तिकैमा राजकुमार देवेन्द्रलाई विष खुवाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेन थापाले मार्न लाए भन्ने झूठो आरोप लगाई भीमसेन थापालाई खोसे । उनीमाथिको सो मुद्दा सावित हुन सकेन । अनि भीमसेन थापा गोरखा बोर्लाङमा गई रहन लागे। पछि १८९६ मा उनी काठमाडौं आएको वेला सो मुद्दा फेरि उठाइयो र उनी कैद गरिए। यसै प्रशङ्गमा आफ्नो अपमान भएको सहन नसकी भीमसेन थापाले आत्महत्या गरे। यसरी भीमसेन थापाको दुःखद अन्त भयो ।

भीमसेन थापाका सुधारहरू

भीमसेन थापा

सैनिक सुधारः— नेपालको शक्ति बढाउनको लागि यिनले सेनाको संगठन गरे । त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्ति छाउनी, तोपखाना, ब्यारेक ग्रादि बनाए तथा सैनिक शिक्षाको प्रवन्ध गरे । सैनिकहरूको मर्यादाको निमित्त पगरी, चाँदतोडाको चलन पनि चलाए । नेपालको प्रसिद्ध घरहरा पनि यिनैको पालामा बनेको हो ।

भीमसेन स्तम्भ (धरहरा)

आर्थिक सुधारः– राष्ट्रको आम्दानी बढाउन भीमसेन थापाले निकै प्रयत्न गरेका थिए । देशमा जमीनको नापी गराई उनले मालपोत बढी उठाए । केही खेतीको लागि कुलो, ढलको बन्दोबस्त उनले मिलाई दिए तथा कुलोको पानी लाउने कुरामा पक्षपात नहोस् भनी प्रबन्ध मिलाइदिए । तलिसब्बले मोहीलाई पिर्न नपाओस् भन्नेतिर उनले दृष्टि दिए । पोखरीहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माछा पाल्न लगाए । वन जङ्गलको सुरक्षातिर ध्यान दिए । पाल्पा आदि ठाउँमा वजारमा आग-लागी भई वरावर वजार उजाड हुने हुँदा पक्की घर बनाउन लगाई वजार गुल्जार राख्ने प्रयत्न उनले गरेका थिए । माना पाथी आदिको नापतौल पहिलेदेखि नै निश्चित थिए तापनि व्यवहारमा नाप तौलमा घटीवढी भइरहन्थ्यो । त्यस्तो हुन नपाओस् भन्ने भीमसेन थापाले चेष्टा गरे । सयकडा दश भन्दा वढी ब्याज लिन पाइँदैन भन्ने नियम पहिलेदेखि थियो, तर व्यवहारमा वढी ब्याज पनि लिइन्थ्यो । यतातिर पनि भीमसेन थापाले ध्यान दिए । आर्थिक व्यवस्था सपार्ने काम भीमसेन थापाले अनेकौं गरेका थिए ।

अन्य सुधार:– यिनले प्रशासन सम्वन्धी अनेक सुधार पनि गरेका थिए । कर्मचारीहरूले रैतीहरूलाई दु:ख दिन नपाऊन् भन्ने कुरामा ठूलो प्रयास गरे । प्रजाको सुविधाको लागि काठमाडौं र पाटनलाई जोड्ने प्रसिद्ध पुल यिनले बनाउन लगाएका थिए । यस्तै गरी ठाउँ-ठाउँमा अरू सडक तथा पुलहरू वनाउन लगाए । यिनले हुलाकसेवाको पनि सुव्यवस्था गरी



सुनधारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्चार व्यवस्थाको सुधार गरे । जनताले राम्रो न्यायनिसाफ पाऊन् भन्नाको लागि ठाउँ-ठाउँमा न्यायालयहरू स्थापना गरे । नेपालमा चलिरहेको दासत्वप्रथा हटाउन भीमसेन थापाले पनि केही कोशिश गरेका थिए । समाजका अरू पनि अनेकौं कुरीति यिनले हटाएका थिए ।

धार्मिक कार्य:– यिनले ठाउँ ठाउँमा धेरै मन्दिरहरूको निर्माण गरे । दुनियाँलाई सुविधा दिन काठमाडौंको सुनधारा आदि धारा तथा पाटीपौवाहरू यिनैका पालामा बने । पशुपतिनाथको वरिपरि चाँदीको ढोका यिनैले राख्न लगाए ।

भीमसेन थापाको मृत्युपछि पहिलेको जति व्यवस्था पनि कायम हुन सकेन । उनका विरोधीहरूले उनको स्थान लिन सकेनन् । भिन्नभिन्न अनेक दाउपेच चल्दै गए । यसको फलस्वरूप नेपालको शासन राणाहरूको हातमा गयो ।

अभ्यास

१. दरबारिया षड्यन्त्रमा परी जेलमा नजरबन्द भै ज्यान गुमाउने कुनै दुई वीर पुरुषहरूको नाम बताऊ ।

२. आफ्नो हातमा शक्ति कायम राख्ने प्रयास गरेकोले नै दामोदर पाण्डेको अन्त भएको हो भन्ने कुरालाई पुष्टि गर ।

३. नेपालका वीर पुरुषहरूमध्ये दामोदर पाण्डे पनि एक हुन् भन्ने कुरा देखाउन उनका कुनै दुई महत्त्वपूर्ण कार्यहरू बताऊ ।

४. राजाहरू बालक भएकाले भाइभारदारहरूले आफ्नो शक्ति जमाउने मौका पाएका हुन् । राजा ठूला भएका भए यो कुरा हुँदैनथ्यो भन्ने कुनै तीनवटा प्रमाण देऊ ।

५. भीमसेन थापाले नेपालको निमित्त ठूलो काम गरे भन्ने कुरामा कुनै दुई प्रमाण देऊ ।

६. भीमसेन थापाका सुधारहरूमध्ये तिमीले महत्त्वपूर्ण ठहऱ्याएका कुनै तीनवोटा आर्थिक सुधार र तीन वोटा सामाजिक सुधार बताऊ ।

७. पाण्डे र थापाहरूको झगडा हुनु नेपालीहरूको निमित्त अनिष्ट सिद्ध भयो । के यो कुरा ठीक हो ? हो भने कसरी ?

८. पाण्डे र थापाहरूको झगडा कहिलेदेखि शुरू भयो र यसको मुख्य कारण के हो ?

९. तलका व्यक्तिहरूको परिचय देऊ

बहादुर शाह, दामोदर पाण्डे, कीर्तिमानसिंह बस्नेत, भीमसेन थापा, ललितत्रिपुरसुन्दरी, शेरबहादुर शाह, सुवर्णप्रभा, राजराजेश्वरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड–दुई विश्वको इतिहास

धर्मयुध्द (CRUSADE)

धर्मयुद्धको अर्थ

मध्यकालीन इतिहासलाई दुई प्रमुख धर्मले प्रभावित गरेका छन् । यी दुवै धर्मका सुदृढ दार्शनिक आधारहरू थिए । एउटा धर्म पूर्वी जगतमा उत्पन्न भई फस्टाउँदै थियो भने अर्को पश्चिमी जगतमा । विस्तारविस्तार दुवै धर्मको फैलावट एक अर्को जगतमा पनि भयो । यी दुवै धर्मले पूर्वी र पश्चिमी सीमालाई नाघे । यी दुवै धर्मको मिलनले विश्वलाई नै व्यापार, आदान प्रदान, दर्शन तथा ज्ञान विज्ञानको क्षेत्रमा सुदृढरूपले बाँध्यो । यी दुवै धर्मको मिलन विश्वको लागि एउटा युगान्तकारी घटना थियो। यी दुई धर्म ईसाई र ईस्लाम धर्म थिए ।

ईसाई धर्मको जन्म इस्लाम धर्मभन्दा छ सय वर्ष पहिले भएको थियो । इस्लाम धर्म उत्पन्न हुनुभन्दा पहिले नै ईसाई धर्म विश्वको एउटा भू–भागमा फैलिसकेको थियो । ईसाई धर्ममा चर्च व्यवस्था स्थापित भइसकेको थियो । साथै पोपको धार्मिक र राजनैतिक श्रेष्ठता कायम भइसकेको थियो । राजा र सामन्तहरूले पोपलाई सर्वश्रेष्ठ स्वीकार गरिसकेका थिए ।

जन्मकालदेखि नै इस्लाम धर्मले दार्शनिक रहस्य भएको पवित्र ग्रन्थ कुरान शरीफलाई अत्यधिक महत्त्व दिएको थियो भने अर्कापट्टि बल प्रयोग वा शक्ति प्रयोग पनि यस धर्ममा उत्तिकै महत्त्वपूर्ण थियो । मुहम्मद साहेबको परमश्रेष्ठ उपदेशहरूको विश्व अभियान सशक्त तरवारको संरक्षणमा नै प्रारम्भ भएको थियो । यस प्रकार इस्लाम धर्म पनि विश्वको एउटा ठूलो भू–भागमा फैलियो र अनेकौं राज्यहरूमा यस धर्मलाई राजधर्म भनी घोषित गरियो ।

ईसाई र इस्लामी दुवै धर्ममा श्रेष्ठ र उदार दार्शनिक तत्त्व पनि थिए । यी दुवै धर्मको प्रवर्तक महात्मा थिए । तिनीहरूको धार्मिक निष्ठा र स्तुत्य सराहनीय थियो । तर यी धर्मको प्रचारक राजाहरूले उदार सिद्धान्तको प्रचारमा बल प्रयोग गरे । यी दुवै धर्मका प्रचारक राजाहरूमा साम्राज्य लिप्साको भावना थियो । यिनीहरूमा धार्मिक वडप्पन र अन्धविश्वास थियो । यिनीहरू आफ्नो धर्मलाई मात्र श्रेष्ठ सम्झन्थे । यस प्रकार यी दुवै धर्मका अनुयायीहरू लगभग दुई सय वर्षसम्म आपसमै लड्दै रहे ।

दुई सय वर्षसम्म लड्ने व्यक्तिहरू राज्यलोलुप मात्र थिएनन् । धर्ममा अगाध श्रद्धा र आस्था राख्ने ईसाई स्वयंसेवकहरू पनि यस लडाईंमा शरीक भएका थिए । यिनीहरूको लक्ष्य आफ्नो धर्म र तीर्थस्थानको रक्षा गर्नु थियो । मध्यकालको रक्तरञ्जित इतिहासलाई देखेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज हामी भन्न सक्छौं कि मध्यकालीन जनता अन्धविश्वासका शिकार भएका थिए । उनीहरूलाई कसैले उचालेको थियो । उनीहरूले आफ्नो धर्मगुरुका आदर्श तथा उपदेशहरूलाई राम्ररी बुझेका रहेछन् ।

ईसाई धर्मका प्रारम्भकर्ता क्राइस्टको जन्म जेरुसेलम इलाकामा भएको थियो । जेरुसेलम हाल इजरायल राज्य अन्तर्गतको एउटा शहर हो । यो भू–मध्य सागरको छेउमा पर्छ । यो शहर ईसाई धर्मको महान् तीर्थस्थल रहँदै आइरहेको थियो । आफ्नो धार्मिक तीर्थस्थान जेरुसेलमलाई तुर्कहरूको हातबाट मुक्त गराउनका लागि ईसाईहरूले लगभग दुई सय वर्षसम्म जुन युद्ध गर्नुपरयो त्यसलाई नै धर्मयुद्ध वा क्रुसेड भन्दछन् । यो युद्ध ईसाई र इस्लामी ठीकठीक (क्रस वा सलब) र अर्धचन्द्र (क्रेसेठ वा हिलालका) बीचमा भएको थियो । धर्मको नाउँमा यो युद्ध भएकोले यसलाई "धर्मयुद्ध" मानिएको हो । ईसाईहरू छातीमा क्रस चिह्न लगाउँथे । अतः यिनीहरूलाई क्रुसेडर वा क्रस होल्डर्स भनियो र युद्धलाई चाहिँ क्रुसेड भनियो ।

धर्मयुद्धका कारणहरू

१. **राजनैतिक कारण:–** सातौं शताब्दीपछि साम्राज्यको पतन प्रारम्भ भयो । १०७१ ई. मा बाइजेन्टियाको सेनाहरूलाई तुर्कहरूले हराई विभिन्न नगरहरू कब्जा गरे । त्यस बेला बाइजेन्टियाको सम्राट अलेक्सियस थिए । सम्राट अलेक्सियसले विचार गरे कि यदि कन्स्टेन्टीनेपुलमा तुर्कहरूको अधिकार भयो भने सम्पूर्ण पूर्वी यूरोप पनि तुर्कहरूको आधिपत्यमा जानेछ । तसर्थ तुर्कहरूलाई रोक्नका लागि उनले पश्चिमी यूरोपसँग सहायता मागे । यूरोपीय देशहरूले पनि आइपर्ने संकष्टको अनुमान गरी तुर्कहरूसँग युद्ध गर्न तयार भए ।

२. **धार्मिक कारण:–** जेरुसेलम ईसाईहरूको पवित्र तीर्थस्थान थियो । यस तीर्थस्थलमा ईसाईहरू धेरै संख्यामा थिए । १०६७ ई. मा जेरुसेलममा सलजुक तुर्कहरूले कब्जा गरे ।

जेरुसेलममा मुसलमानहरूको अधिकार रहँदा ईसाईहरूलाई धार्मिक सुविधा दिइएको थियो । तर सलजुक तुर्कहरूले ईसाईहरूलाई घोर अत्याचार गर्न थाले । ईसाई यात्रीहरूलाई शारीरिक यातना दिन थाले । ईसाईहरूलाई तुर्कहरूले लुट्न थाले । ईसाईहरूको जीवन र धनको सुरक्षा रहन गएन । जेरुसेलमबाट फर्केर गएका र ईसाई तीर्थयात्रीहरूले आफ्नो करुणकथा यूरोपका ईसाईहरूलाई सुनाउन थाले । एक ईसाई तीर्थयात्रीहरूसँग पीटरले तुर्कहरूको अत्याचारका सम्बन्धमा यूरोपमा विभिन्न देशको भ्रमण गरी ईसाई जनतालाई उक्साउन थाले । यस प्रकार ईसाई जनता अत्याचारी तुर्कहरूसँग बदला लिन व्यग्र हुन थाले ।

३. **आर्थिक कारण:–** स्पेनबाट इस्लामी शासनको अन्त भएपछि ईसाईहरूलाई धेरै व्यापारिक सुविधा प्राप्त भयो । यसबाट इटालीमा व्यापारिक नगर पिसा, भेनिस आदि संवृद्धिशाली धनी नगर हुन गए । पूर्वी भू–मध्यसागरबाट मुसलमानहरूको प्रभुत्व समाप्त गरेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो व्यापार निकट पूर्वी तथा सुदूरपूर्वी देशसँग सजिलैसँग हुनसक्छ भन्ने धारणा भेनिस्, पिसा आदिका व्यापारीहरूलाई हुन गयो । यसका लागि व्यापारीहरूले युद्धमा धनले मद्दत गरे ।

धर्मयुद्धको विवरण

उपर्युक्त कारणहरूबाट क्रुसेड (धर्मयुद्ध) को भूमिका तयार भैसकेको थियो । तब आगोमा घिउ हाल्ने काम मात्र बाँकी थियो । सो पनि पोप ग्रेगरी सप्तम र अरबनले पूरा गरे । अरबनले पेरिसको एउटा सभामा ओजस्वी भाषण गरे । उनको भाषणको सार थियो – "जेरुसेलमबाट अत्याचारी र असभ्य तुर्कहरूलाई धपाई ईसाई तीर्थस्थलको रक्षा गर ।" उनको ठूलो प्रभाव श्रोताहरूमा पर्‍यो । भाषण सुनिरहेका केही सरदारहरू (सामन्तहरू) ले पोपको चरणमा तन, मन र धन समर्पण गरे । यसपछि असंख्य व्यक्तिहरूले पनि यस्तै गरे । सम्पूर्ण यूरोपका जनताले पोपको चरणमा आफूलाई सुम्पे । पोपले जनताको भीडलाई सैनिक संगठनमा संगठित गरे । यस प्रकार सम्पूर्ण ईसाई जगत् क्रुसेडका लागि तयार भयो ।

प्रथम क्रुसेड:– १०९६ ई. मा ईसाईहरूले तुर्कहरूमाथि आक्रमण गरे। यसलाई प्रथम क्रुसेड (१०९६– १०९९ ई.) भनिन्छ । यस धर्मयुद्धमा कुनै पनि राजाले भाग लिएका थिएनन् । ठूलाठूला सामन्तहरूले यसमा सक्रिय सहयोग गरेका थिए । ईसाई सेनामा कृषक र साधारण व्यक्तिहरूकै संख्या बढी थियो । सेनामा कृषक र साधारण व्यक्तिहरूकै संख्या बढी भएकोले यस युद्धमा ईसाईहरूलाई सफलता प्राप्त भयो। जेरुसेलममा ईसाईहरूको अधिकार भयो । तर ईसाईहरूमा मतभेद प्रारम्भ भएकोले ३०,००० ईसाईहरूलाई तुर्कहरूले मारे ।

द्वितीय र तृतीय क्रुसेड:– ३०,००० ईसाईहरूलाई तुर्कहरूले मारेकाले द्वितीय क्रुसेड प्रारम्भ भयो । यस युद्धमा ईसाईहरूलाई सफलता प्राप्त भएन । सम्पूर्ण जेरुसेलममा पुनः तुर्कहरूको अधिकार भयो । यसपछि तृतीय क्रुसेड भयो । यस युद्धमा यूरोपका केही राजाहरू पनि सम्मिलित भएका थिए । तर तुर्कहरूलाई ईसाईहरूले हराउन सकेनन् । ईसाईहरू निराश भई यूरोप फर्के ।

चतुर्थ क्रुसेड:– चतुर्थ धर्मयुद्धका लागि पूर्ण तयारी गरी ईसाईहरूले तुर्कहरूमाथि आक्रमण गरे । ईसाईहरू कन्स्टेन्टीनेपुलभन्दा अघि बढ्न सकेनन् । यी चार क्रुसेडपछि पनि अनेकौं क्रुसेड भए तर ती सबै असफल भए ।

केटाकेटीहरूको क्रुसेड:– जब ईसाईहरू क्रुसेडमा असफल भए तब तिनीहरूले अर्कै रूपबाट विचार गर्न थाले । अन्धविश्वासी यूरोपेलीहरूले ठूलाठूला मानिसहरूले गर्न नसकेको काम केटा-केटीहरूले गर्नसक्दछन् भन्ने विचार गरी केटाकेटीहरूको एउटा ठूलो हुल तयार गरे। फ्रान्सको एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेडा चराउने केटाको नेतृत्वमा ३० हजारजति केटाकेटीहरू भेला गरिए। उक्त केटाको नाम स्टेफेन थियो। अर्कातिर निकोलस नामका केटाले २० हजार जति केटाकेटीहरूको नेतृत्व गर्दथ्यो। यस प्रकार केटाकेटीहरूको ठूलो भीड जेरुसेलमका लागि प्रस्थान गर्‍यो। साना-साना केटाकेटीहरू भगवानका रूप हुन् र भगवान्‌ले सहायता गर्नेछन् भन्ने विश्वास यूरोपका बुच्चुकहरूलाई थियो। तर बाटोमा नै धेरै केटाकेटीहरू मरे। धेरैलाई तुर्कहरूले समाती बेचे। विश्वको इतिहासमा यो साह्रै नै दुःखद घटना हो।

धर्मयुद्धको परिणाम

जेरुसेलमलाई तुर्कहरूको हातबाट स्वतन्त्र गर्ने उद्देश्य पूरा नभए तापनि क्रुसेडको विश्वमा ठूलो प्रभाव पर्‍यो। क्रुसेडले अनेकौं स्थितिलाई केवल बदल्यो मात्र। अब क्रुसेडको परिणाम वा प्रभाव कएकए गरी विचार गरौं।

१. यूरोपको एकान्तवासको समाप्तिः– धर्मयुद्धले गर्दा पाश्चात्य देशको एकांकी जीवन समाप्त भयो। यूरोप सामन्ती व्यवस्थाबाट बाहिर आयो। धर्मयुद्धले गर्दा यूरोपवासीको सम्पर्क एउटा बेग्लै दुनियाँसँग हुन गयो। पश्चिमी यूरोप शताब्दीयौंदेखि एकान्त जीवन व्यतीत गरिरहेको थियो। पश्चिमी यूरोपका निवासीहरूका लागि बाह्य संसारको केहो महत्त्व थिएन। यसबाट तिनीहरूको सामाजिक, राजनैतिक, आर्थिक र बौद्धिक प्रगति अवरुद्ध हुन गएको थियो। तर धर्मयुद्धबाट फर्केका यूरोपवासीहरूले एउटा नयाँ भावना र विचार लिई आए। यसले गर्दा यूरोपवासीको जीवनमा एउटा क्रान्तिझैं आयो। इस्लामी सभ्यता क्रूसेडको माध्यमबाट यूरोपमा पस्यो। धर्मयुद्धले गर्दा नै यूरोपेली पुनर्जागरणको पृष्ठभूमि तयार भयो।

२. वाणिज्य व्यापारको उन्नतिः– यूरोपको भौतिकवादी ईसाईहरूले मुसलमानहरूसँग व्यापारिक सम्बन्ध स्थापित गरे। धर्मयुद्धका कारणहरू मध्ये एउटा कारण आर्थिक वा व्यापारिक पनि थियो। क्रुसेडले व्यापारिक उद्देश्य पूरा गर्‍यो। धर्मयुद्धले गर्दा नै नयाँ सम्बन्ध स्थापित हुन गएकोले यूरोपको व्यापार प्रशस्त बढ्न गयो। एघारौं शताब्दीसम्म दुर्लभ मानिएका वस्तुहरू जस्तैः– रेशम, चीनी, मसला आदि बाह्रौं शताब्दीमा आई यूरोपमा प्रशस्तमात्रामा पाउन थालियो। यूरोपका ईसाईहरूले बुट्टादार वस्त्र, मलमल, मखमल, साटन, कम्बल, रत्न तथा सुगन्धित पदार्थको प्रयोग सिके। यूरोपवासीहरूले मुसलमानहरूबाट शीशीको प्रयोग सिके। व्यापारमा वृद्धि भएकोले यूरोपमा ठूलाठूला व्यापारिक नगरहरू स्थापित भए। व्यापारको वृद्धि गर्दा नै औद्योगिक क्रान्तिको पृष्टभूमि तयार भयो। अनि मध्यम वर्गको जन्म हुन गयो। इस्लामी सभ्यताको सम्पर्कबाट नै यूरोपमा बैंक प्रणाली, ऋणपद्धति आदिको विकास भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. वैज्ञानिक प्रगति:– पूर्वको संस्कृतिले पाश्चात्य विज्ञानलाई प्रभावित गर्‍यो । आरिस्टोटलको वैज्ञानिक ग्रन्थ, मुसलमानहरूको एकाई गणना, वीज गणित, जहाजको कम्पास लोकप्रिय हुन गयो । कागत बनाउने कला ईसाईहरूले मुसलमानहरूबाट नै सिके ।

४. नवीन युगको आगमन:– अनेकौं इतिहासकारहरूले धर्मयुद्धलाई नवीन युगको आगमनको संज्ञा दिएका छन् । धर्मयुद्धपछि यूरोपका राज्यहरूमा राष्ट्रियताको जन्म भयो । राजाहरूको शक्ति पर्याप्त वृद्धि भयो । धर्मयुद्धले यूरोपवासिहरूको मानसिक क्षितिजलाई विस्तृत तुल्यायो। बारूद र मुद्रण यन्त्रको प्रचार क्रुसेडपछि नै यूरोपमा भयो । यसप्रकार धर्मयुद्धले यूरोपमा नवयुग ल्याउन ठूलो प्रयत्न गर्‍यो ।

५. भौगोलिक खोज:– धर्मयुद्धबाट ईसाईहरूको मुसलमानहरूसँग सम्पर्क हुन गयो । यूरोपबाट सुदुरपूर्व आउने स्थलमार्ग तुर्कहरूको अधिकार भएकोले यूरोपको व्यापारको लागि अन्य मार्ग खोज्नु आवश्यक हुनगयो । यसका लागि यूरोपका नाविकहरू समुद्री मार्ग खोज्न अग्रसर भए । यूरोपका विभिन्न साहसी नाविकहरूले भारत, अमेरिका, दक्षिण अमेरिका आदि ठाउँहरूमा जाने सामुद्रिक मार्ग पत्तालगाए । यसको विस्तृत अध्ययन पुनर्जागरण भन्ने अध्यायमा हुनेछ ।

६. पोपउपर प्रभाव:– क्रुसेडको असफलताले गर्दा पोपको प्रतिष्ठामा गहिरो आघात पर्‍यो । यूरोपवासीहरूको मस्तिष्कबाट चर्चको प्रभाव कम हुनथाल्यो । पोप पृथ्वीमा भगवानको प्रतिनिधि हो भन्ने धारणा हट्न गयो । ईसाई जनतालाई धार्मिक अन्धविश्वास हट्न थाल्यो । यस प्रकार धर्मयुद्धले धर्म सुधार आन्दोलनको पृष्ठिभूमि तयार गर्‍यो ।

७. तुर्कहरूको विस्तारमा बाधा:– केही इतिहासकारहरूले धर्मयुद्धलाई तुर्कहरूको राज्य विस्तारमा बाधक मानेका छन् । लडाकू र अत्याचारी तुर्कहरूलाई धर्मयुद्धद्वारा कन्स्टेन्टीनेपुलमै नरोकेको भए सम्पूर्ण यूरोप इस्लामधर्म अन्तर्गत आउने थियो कि भन्ने धारणा केही इतिहासकारहरूको छ । नभन्दै लूटमार गर्ने तुर्कहरूको लागि यूरोप राम्रो स्थल हुन सक्थ्यो । धर्मयुद्धमा तुर्कहरूको विजय भएको भए तिनीहरू यूरोप पनि पस्न सक्ने थिए । तर तुर्कहरूलाई एशियामै रोक्नाले यूरोप तुर्कहरूको लूटपीटबाट जोगियो । शक्तिहीन नै भए तापनि १४५३ ई. सम्म कन्स्टेन्टीनेपुल पूर्वी रोमन साम्राज्यको केन्द्र बन्यो र यूरोपमा हुन सक्ने विदेशी आक्रमणबाट रोक्न सफल भयो ।

अभ्यास

१. क्रुसेडको अर्थ एक पृष्ठमा नबढाई लेख ।

२. क्रुसेड हुने तीन कारणहरू देऊ ।

३. क्रुसेडका राजनैतिक कारण के थिए ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. धर्मयुद्धको धार्मिक कारण उल्लेख गर ।
५. क्रुसेडको आर्थिक कारण दश हरफमा लेख ।
६. क्रुसेडको पाँच परिणामको उल्लेख गर ।
७. धर्मयुद्धका घटनाहरू एक पृष्ठमा वर्णन गर ।
८. धर्मयुद्धले गर्दा वाणिज्यमा कसरी उन्नति भयो ? सात हरफमा लेख ।
९. केटाकेटीहरूको क्रुसेडलाई १० हरफमा वर्णन गर ।
१०. यूरोपवासीहरूले मुसलमानहरूबाट सिकेका कुनै पाँच चीजको उल्लेख गर ।
११. ईसाईहरूले मुसलमानहरूबाट सिकेका तीन वैज्ञानिक वस्तुहरूको नाम देऊ ।
१२. "धर्मयुद्धले तुर्कहरूको विस्तारलाई रोक्यो" आठ हरफमा व्याख्या गर ।
१३. तलका खाली ठाउँमा भर

(क) क्रुसेड ईसाई धर्म र.......धर्मका बीच भएको थियो ।
(ख) ईसाईहरूले छातीमा......चिह्न लगाउँथे ।
(ग) क्रुसेडको प्रारम्भ.........ई. मा भयो ।
(घ) ईसाईहरूको तीर्थस्थल.....थियो ।
(ङ) तीस हजार केटाकेटीहरूको नेतृत्व गर्ने......फ्रान्समा भेडा चराउँथे ।
(च) बीस हजार केटाकेटीहरूको नेतृत्व गर्ने........थियो ।
(छ) यूरोपले मुसलमानहरूबाट चीनी, मलमल,........रेशम आदिको प्रयोग सिक्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनर्जागरण (RENAISSANCE)

पुनर्जागरणको अर्थ

पुनर्जागरण शब्दको अर्थ हुन्छ, पुनः बिउँझनु । तर इतिहासमा यसले बौद्धिक चेतनाको बोध गराउँछ, यसअनुसार यूरोपका निवासीहरूले आफ्नो गौरवमय अतीतलाई पुनर्जीवित गर्ने चेष्टा गरे । रोमन साम्राज्यको पतनको फलस्वरुप यूरोपमा आएको अन्धकारपछि चौधौं शताब्दीको प्रारम्भदेखि नै बौद्धिक क्षेत्रमा नयाँ चेतना आउन थाल्यो । लेटिन र यूनानी साहित्यको पुनः अध्ययनले गर्दा पन्ध्रौं र सोह्रौं शताब्दीमा यूरोपको संस्कृतिको इतिहासमा एउटा नयाँ जगको सूत्रपात भयो, जसलाई 'कला र साहित्यको पुनर्जागरण काल" भनिन्छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन ज्ञान, विज्ञान, साहित्य आदिको अध्ययनको सायसाथै पाश्चात्य विद्वान्हरूले कला, साहित्य, विज्ञान, व्यापार आदि क्षेत्रहरूमा अभूतपूर्व उन्नति गरे । यस घटनालाई पुनरुस्थान, पुनर्जीवन, पुनर्जागरण वा रेनेसा भनिन्छ ।

पुनर्जागरणका कारणहरू

पुनर्जागरण एक्कासी आएको घटना थिएन । यसमा समयसमयमा घटेका अनेकौं घटनाहरूले प्रभावित पारेका थिए । त्यस्ता घटना वा कारणहरू तल दिइएका छन् ।

व्यापारको उदय:– भौगोलिक खोजले गर्दा नयाँनयाँ देश पत्तालागेका थिए । व्यापारीहरू ती देशहरूसँग व्यापार गर्थे । व्यापारको प्रसारले गर्दा शहरहरूको उदय भयो । शहरका निवासीहरू आपसमा वादविवाद र विचारको आदानप्रदान र तर्क गर्न थाले । व्यापारीवर्गका व्यक्तिहरूले पनि लेखपढ गर्न थाले । फेरि यिनीहरूले धनद्वारा कला र संस्कृतिलाई प्रश्रय दिए । व्यापारीवर्गको यस्तो व्यवहारबाट पुनर्जागरणलाई प्रशस्त बल प्राप्त भयो ।

पूर्वी देशसँग सम्पर्क:– जुन बेला यूरोप अज्ञानी अवस्थामा थियो, त्यस बेला पनि पूर्वी देश अरब, भारत, चीन आदि देशहरूमा एउटा उन्नतिशील सभ्यता विद्यमान थियो । अरबवासीहरू भारत र यूनानबाट ज्ञानविज्ञान सिकेर एउटा नवीन सभ्यता र संस्कृतिको निर्माण गरिरहेका थिए । तेह्रौं शताब्दीमा इस्लामी जगत्को संस्कृतिको केन्द्र स्पेनको राजधानी करडोवा थियो । अरबवासीहरूसँग यूरोपवासीहरूको सम्पर्क भएकोले यूरोपमा भारतीय गणित र यूनानी दर्शनको प्रसार भयो । स्पेन, सिसली र क्रुसेड (धर्मयुद्ध) द्वारा इस्लामी सभ्यताको किरणले यूरोपलाई आलोकित पार्‍यो । परिणामतः यूरोपवासीको मानसिक क्षितिज विस्तृत हुन गयो र बाह्य देशहरूले ज्ञानविज्ञानको क्षेत्रमा गरेको प्रगतिलाई चाख लिन थाले ।

बौद्धिक विकास:– इस्लामी संस्कृतिको प्रसारले गर्दा यूरोपको विभिन्न देशहरूमा ठूलाठूला विश्वविद्यालयहरूको स्थापना हुन गयो । अक्सफोर्ड, कैम्ब्रीज, नेम्पस, कोलों आदि विश्वविद्यालयहरूमा यूनानी दर्शनको अध्ययन आरम्भ भयो । यसबाट यूरोपमा पण्डित पन्थी (Scholastism) विचार पद्धतिको विकास भयो । अनि कुनै पनि विषयलाई तर्क र प्रयोगको आधारमा ठीक वा गल्ती भन्ने प्रथा प्रारम्भ भयो । यसले गर्दा प्राचीन वा मध्यकालीन यूरोपको धार्मिक संकीर्णता र धार्मिक अन्धविश्वासमा ठूलो आघात पुग्न गयो र नयाँ किसिमले विचार गर्ने परम्परा विकसित हुनआयो ।

कागत र मुद्रणकला:– अरबवासीले चीनबाट कागत बनाउने तरीका सिके र सो यूरोपवासीले अरबवासीहरूबाट सिके । चौधौं र पन्ध्रौं शताब्दीमा आधुनिक ढङ्गको छापाखानाको आविष्कार भयो । यसबाट ज्ञानविज्ञान सम्बन्धी विभिन्न पुस्तकहरू छापिए । यिनीहरूको प्रचारबाट सर्वसाधारण जनता लाभान्वित भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मङ्गोल साम्राज्यको महत्व:– विशाल मङ्गोल साम्राज्यबाट पनि पुनर्जागरणको लागि प्रेरणा मिल्यो । मङ्गोल सम्राट कुवलाईखाँको समयमा उनको दरवारमा देश– विदेशका विद्वान, धर्मप्रचारक एवम् व्यापारीहरू रहन्थे । यूरोपबाट आएका विद्वानहरू पूर्वी देशका विद्वानहरूको विचारधाराबाट प्रभावित भए । वेनिस निवासी मार्कोपोलोले कुवलाईखाँको दरवारमा फर्केपछि पूर्वी देशका विषयमा पुस्तक लेखे । यस पुस्तकले यूरोपवासीको हृदयमा गहिरो प्रभाव पाऱ्यो ।

कन्स्टेन्टीनेपुलमाथि तुर्कहरूको अधिकार:– पूर्वी रोमन साम्राज्यको राजधानी कन्स्टेन्टीनेपुलमाथि १४५३ ई. मा तुर्कहरूले अधिकार गरे । कन्स्टेन्टेनेपुल मध्ययुगको संस्कृतिको केन्द्र थियो । कन्स्टेन्टीनेपुलमाथि तुर्कहरूको अधिकार भएपछि त्यहाँका विद्वानहरू भागी यूरोपतर्फ लागे । यिनीहरूको संसर्गबाट यूरोपमा एउटा बौद्धिक क्रान्ति भयो ।

भौगोलिक खोज:– कन्स्टेन्टीनेपुलमाथि तुर्कहरूको अधिकार भएपछि यूरोपका देशहरूले पूर्वी देशहरूसँग व्यापार गर्न समुद्री मार्ग खोज्न वाध्य हुनुपऱ्यो । यसै सन्दर्भमा पुर्तगाल निवासी भास्कोडिगामा भारतको मालावर तटको कालिकटमा आइपुगे । स्पेनवासी कोलम्वसले उत्तरी अमेरिका जाने समुद्री मार्ग पत्तालगाए ।

पुनर्जागरणको आरम्भ र प्रसार

पुनर्जागरणको आरम्भ इटालीबाट भयो । इटालीमा वेनिस, मिलान, फ्लोरेन्स आदि नगर सुविख्यात व्यापारिक केन्द्र थिए । इटालीबाट नै जर्मनी, फ्रान्स, इङ्गलैन्ड आदि देशहरूमा पुनर्जागरण फैलियो । इटालीका विख्यात विभूतिहरूले पुनर्जागरण ल्याउन विशेष प्रयत्न गरे ।

पेट्रार्क:– यिनी पादरी थिए । यिनी मानवतावादका अग्रदूत थिए । यिनले यूनानी र रोमन साहित्यको पुनरुद्धार गरेकोले यिनलाई पुनर्जागरणका पिता मानिन्छ ।

दाँते:– दाँते फ्लोरेन्स नगरका निवासी थिए । यिनले लोक भाषाका पुस्तक लेखी सर्वसाधारण जनतामा समेत प्रभाव पारे । यिनले तत्कालीन सामाजिक अवगुणहरूको कटु आलोचना गरे । यिनलाई पनि पुनर्जागरणको अग्रदूत मानिन्छ ।

पुनर्जागरणको प्रभाव

यूरोपीय जीवनको प्राय: सबै अंगमाथि पुनर्जागरणको प्रभाव पऱ्यो ।

पुनर्जागरण र कला

चित्रकला:– इटालीमा चित्रकलाको विशेष उन्नति भयो । माइकेलएँजेलो, लियोनार्डो द विंची, राफेल आदि चित्रकारहरूले नयाँ स्वतन्त्र शैलीको विकास गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



माइकेलएँजेलो

माइकेलएँजेलो (१४७५–१५६४ ई.)–यिनी एक अद्‌भूत मूर्तिकार र चित्रकार थिए। रोमको सिस्टाइन चैपेल (Sistine Chapel) भन्ने गिर्जाघरको छतमा उनले गरेको चित्रकारी आज पनि अद्वितीय मानिन्छ । यिनले एउटा चित्र बनाए जसलाई 'अन्तिम निर्णय' (Last Judgement) भन्दछन् । 'मनुष्य आतंकबाट त्रस्त छ र भगवानको प्रेम र दयाको आशा कतै देखिँदैन' यस चित्रको मुख्य भाव हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लियोनार्डो द विंचीको प्रख्यात चित्र "मोनालिसा"

लियोनार्डो द विंची (१४५२–१५१९ ई.):– यिनी एक वहुमुखी प्रतिभाका कलाकार थिए। यिनले वनाएका चित्रहरू राम्रा र कलात्मक छन् । मोनालिसा (Monalisa), द लास्ट सपर (The Last Supper), द वर्जिन अफ द रक्स (The Virgin of the Rocks) इत्यादि यिनका प्रख्यात चित्रहरू हुन् ।

राफेल (१४८३–१५२० ई.):– राफेलको चित्रमा माताको सौन्दर्य र वालकको सजीवता नै मुख्य रूपले प्रकट हुन्छ । सजीवता सौन्दर्यको संसारका प्रसिद्ध चित्रहरूमध्ये यिनका सिस्टाइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राफेल

Sistine) मैडोना (Madonna) नामक चित्र पनि एउटा मानिन्छ ।

मूर्तिकला:– पुनर्जागरण कालको मूर्तिकलामा मौलिकताको अभाव पाइन्छ । गिवर्टीले फ्लोन्सको गिर्जाघरको लागि राम्रो फाटक वनाए । यस फाटकलाई 'स्वर्गका ढोकामा राख्न योग्य' मानिन्छ । यस युगका माइकेलएंजेलो र डोनातेलो पनि महान् मूर्तिकारमा गणना हुन्छन् ।

भवननिर्माण कला:– पुनर्जागरण कालका भवनहरूमा यूनानी स्तम्भ र रोमन गुम्बाको प्रयोग गरिएको छ । यस युगको प्रमुख भवन–हरूमध्ये सेन्टपीटरको गिर्जाघर एउटा हो । यसको

राफेलको चित्रकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माणमा ब्रमन्ते राफेल र माइकेलएँजेलो तीन महान् कलाकारहरूको बुद्धि र कौशल लागेको थियो ।

पुनर्जागरण र साहित्य

साहित्यको क्षेत्रमा पुनर्जागरण इटालीबाट प्रारम्भ भयो । पेट्रार्क र दाँतेलाई पुनर्जागरणका पिता र अग्रदूत मानिन्छ भन्ने कुरा माथि नै र्णन गरिएको छ । मार्टिन लूथरले बाइबललाई जर्मन भाषामा अनुवाद गरे । पुनर्जागरणको सबैभन्दा प्रमुख रचना टामस मूरको 'यूरोपिया' हो । यो पुस्तक १५१६ ई. मा प्रकाशित भएको थियो । यस पुस्तकमा आदर्शवादी समाजको कल्पना गरिएको छ र धार्मिक अन्धविश्वासको भर्त्सना गरिएको छ । राजनीतिक र दार्शनिक दृष्टिले इटालीका मैकियावलीको "प्रिन्स" नाम पुस्तकमा त्यस कालको राजनीतिक समस्याको वर्णन गरिनुको साथै शासन कसरी गर्नुपर्छ भन्ने कुरा पनि देखाइएको छ । नाटकका क्षेत्रमा इङ्गलैण्ड निवासी शेक्सपीयर संसारको सबैभन्दा प्रख्यात मानिन्छन् । जुलियस सीजर, हेमलेट, म्याकवेथ आदि विश्वप्रसिद्ध नाटक (हुन् । अङ्ग्रेजी साहित्य वा कविताको पिता चौसर यसै युगका साहित्यकार थिए । अङ्ग्रेजीको कविताको अग्रदूत एडमण्ट स्पेन्सर पनि यसै युगका थिए । दर्शनका क्षेत्रमा इङ्गलैण्डका फ्रान्सिस बेकम (Francis Bacon) यसै युगका उल्लेखनीय दार्शनिक र लेखक मानिन्छन् । स्पेनमा पुनर्जागरण प्रारम्भ गर्ने श्रेय सारवेंटिजलाई छ । यिनले डानक्विट नामक प्रसिद्ध पुस्तक लेखे । फ्रान्स, पुर्तगाल आदि देशमा पनि लेखहरू देखा परे ।

वैज्ञानिक क्रान्ति

विज्ञानको क्षेत्रमा पनि पुनर्जागरण आयो । धर्मसुधार आन्दोलनले चर्चको शक्ति घटाई दिएकोले र सामन्तवादी प्रथा र पोपको निरङ्कुशता समाप्त भएपछि राष्ट्रिय सरकारको गठन भयो । राष्ट्रिय सरकारको विज्ञानले प्रगतिमा सहयोग गर्न थाले । भौगोलिक खोजले गर्दा यूरोपवासीहरूको अन्य देशहरूसँग सम्पर्क बढ्यो । यी सबै कारणहरूले गर्दा विज्ञानको प्रगति भयो ।

विज्ञानको उन्नतिमा बेकनको देन अमूल्य छ । मानव जीवनलाई नयाँ आविष्कार शक्तिले सम्पन्न पार्नुपर्छ भन्ने विचार फ्रान्सीस बेकनको थियो । त्यसै समयमा डेकार्टेले सन्देहात्मक प्रवृतिलाई जन्म दिए । यही शंकाको भावनाले गर्दा भविष्यमा गएर विज्ञानको उन्नति भयो ।

भूगोल र ज्योतिष:— नयाँ देशहरूको खोजीले गर्दा भूगोलको ज्ञान बढ्यो । यही खोजीको सिलसिलामा नक्षत्रहरूको ज्ञान हुन गयो र ज्योतिष विद्यामा उन्नति भयो । पृथ्वी स्थिर छ र सूर्य तथा अन्य नक्षत्र पृथ्वीको चारैतिर घुम्छन् भन्ने टालेमीको सिद्धान्तलाई रोम निवासी ब्रूनोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरोध गरेवापत शहीद हुनुपर्‍यो। चर्चले टालेमीको सिद्धान्त मानेका थिए। त्यसैले चर्चको निरङ्कुशताको वूनो शिकार भए।

गैलिलियोले दूरवीनबाट हेरिरहेको

पोलैण्ड निवासी कोपरनिकस (१४७३–१५४३) ई. ले पृथ्वी सूर्यको चारैतिर घुम्छ भन्ने कुरा प्रस्तुत गरे। उनले लेखेका पुस्तक रेभोलुशन अफ दि हेभन्ली अर्ब्स (Revolusion of the heavenly orbs) पुनर्जागरणकालीन विज्ञानको अमूल्य पुस्तक सम्झिन्छ। कोपरनिकसको सिद्धान्तलाई ठीक वताउने अर्का एक वैज्ञानिक केपलर (१५७१–१६३० ई.) भए। उनी गणितका ज्ञाता थिए। गणितका आधारमा पृथ्वी सूर्यको चारैतिर घुम्छ भन्ने कुरा उनले प्रमाणित गरे। यसै समयमा प्रख्यात वैज्ञानिक गैलिलियो (१५६४–१६४२ ई.) को प्रादुर्भाव भयो। गैलिलियोले दूरवीनको आविष्कार गरी पृथ्वी सूर्यको चारैतिर घुम्छ भन्ने सिद्धान्त प्रमाणित गरे। अर्को एक भूगोल शास्त्री "हैले" (Hally) ले नक्षत्रहरूको उपस्थितिवारे पत्तालगाए। तारा नक्षत्रहरूको विषयमा धेरै कुरा पत्ता लागेकोले पोप ग्रेगरी तेह्रौंले नयाँ पात्रो चलाए। यस नयाँ पात्रोलाई आज पनि ग्रेगरीयन कैलण्डर (Gregorion Calendar) भनिन्छ। यो नयाँ पात्रो १५८२ ई. देखि प्रचलनमा आयो र जो अद्यावधि छँदैछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौतिक शास्त्र:– पुनर्जागरण कालमा भौतिक विज्ञानमा पनि निकै उन्नति भयो । गिलवर्टी नामक वैज्ञानिकले चुम्वकत्वको सत्यतामाथि अनुसन्धान गरे । पछि यही आधारमा विजुलीको आविष्कार भयो ।

गैलिलियोले वायुमापक यन्त्र (Air thermometer), हाइड्रोस्टेटिक सन्तुलन (Hydrostatic balance) तथा नक्षत्ररूपी घडीहरू (Austronomical clocks) को पत्तालगाए गैलिलियोले १५६३ ई. मा एउटा निश्चित समयपछि पेण्डुलम हल्लिन्छ । भन्ने पत्तालगाएकोले भविष्यमा घडी वनाउन सरल भयो । न्यूटनले पृथ्वीमा आकर्षण शक्ति छ भन्ने कुरा पत्तालगाए । पृथ्वीको आकर्षण शक्तिवाट नै अन्य ग्रहहरूको चाल नियन्त्रित हुन्छ भन्ने कुरा न्यूटनले पत्तालगाएका हुन् ।

रसायन र चिकित्सा शास्त्र:– यस युगमा वैज्ञानिकहरूले रसायन र चिकित्सा शास्त्रको क्षेत्रमा आश्चर्यजनक उन्नति गरे । निदरलैण्ड निवासी विसलियसले यूनानी विद्वान् गैलनद्वारा प्रतिपादित शल्य चिकित्सामा परिवर्तन ल्याए । विसलियसले मानव शरीरसम्वन्धी एउटा पुस्तक लेखे । यस पुस्तकमा मस्तिष्क, फोक्सो, नसा, हड्डी आदि शारीरिक अङ्गहरूको महत्त्व र एक अर्कासँगको सम्वन्धको विस्तृत विवेचना गरिएको छ । विलियम हारवेले रक्त सञ्चारसम्वन्धी सिद्धान्तको प्रतिपादन गरे ।

पुनर्जागरण कालमा अन्य चिकित्सकहरूमा पैरेसेलुस र हेलमोन्ट प्रमुख थिए । पैरेसेलुसले चिकित्सा र रसायन शास्त्रमा घनिष्ठ सम्वन्ध छ भन्ने कुरा वताए । हेलमोन्टले कार्वन डाइ-अक्साइडको आविष्कार गरे । एउटा रसायन शास्त्री कोरडसले सल्फर अल्कोहलवाट इथरको निर्माण गरे ।

गणित:– पुनर्जागरण कालमा गणित विद्यालयलाई अघि वढाउन केपलर, नेपियर आदिको प्रमुख हात रहेको छ । व्यापारिक र वैज्ञानिक कार्यहरूमा सहयोग पुऱ्याउनको लागि गणितको आवश्यकता भयो ।

पुनर्जागरण र भौगोलिक खोज

पन्ध्रौं र सोह्रौं शताब्दीलाई भौगोलिक खोजको युग भनिन्छ । मार्कोपोलो अरव, भारत आदि देश हुँदै चीन पुगेका थिए । उनी चीनवाट ठूलो अनुभव प्राप्त गरी यूरोप फर्के । यस-वाट यूरोपलीहरूमा विदेशको भ्रमण गर्ने चाख वढ्यो । तेह्रौं शताब्दीको अन्तसम्ममै सामुद्रिक दिशासूचक यन्त्र (Mariners Compass) को आविष्कार भइसकेको थियो । यस यन्त्रको सहायताले साहसी नाविकहरू टाढाटाढा जान थाले । फ्लोरेन्टाइनद्वारा लिखित ए मरचैन्ट्स

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेण्डवूक (A Merchant's hand book) प्रकाशित भयो। यस पुस्तकमा यात्रासम्वन्धी सबै विषयको व्याख्या गरिएको थियो। वेनिसियनद्वारा लिखित सेक्रट अफ दि फेएथफुल (Secret of the Faithful) क्रुसेडर नामक पुस्तकमा एशियाका विभिन्न शहरहरूको परिचय दिइएको थियो।



क्रिष्टोफर कोलम्बस

भौगोलिक खोजको क्षेत्रमा यूरोपमा दुई देश पुर्तगाल र स्पेनले प्रमुख भाग लिए। पुर्तगालीहरू पूर्वी देशको खोजीमा लागे भने स्पेनवासीहरू पश्चिमी देशको खोजीमा लागे। पुर्तगाली नाविकहरूमध्ये वास्कोडिगामाको काम विशेष उल्लेखनीय छ। यिनी १४९८ ई. मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतको मालावरको तटमा आइपुगे । यसप्रकार यूरोप र भारतको बीच सामुद्रिक मार्गको पत्तोलाग्यो । पूर्वी देश र यूरोपका बीच सम्पर्क बढ्दै गयो । पश्चिमले पूर्वलाई प्रभावित पार्न थाल्यो ।



जेनेवा निवासी क्रिस्टोफर कोलम्वसले १४९२ ई. मा एउटा नयाँ दुनियाँको पत्तालगाए । त्यो थियो अमेरिका । वास्तवमा उनको इच्छा पूर्वी देशमा पुग्ने थियो । लगातार दुई अढाई महीना जति यात्रा गरेपछि यिनले भूमि भेट्टाए । उनले यस भूमिलाई भारत सम्झेर यसलाई हिन्द द्वीप समूह (West Indies) नाउँ राखे । यहाँका निवासीको नाउँ रेड इन्डियन पर्न गयो । वास्तवमा यो भारत थिएन। फ्लोरेन्स निवासी अमेरिगो वेशपुचीले १४९९ ई. मा दक्षिण अमेरिका पत्तालगाए । यिनैको नामवाट यस महादेशको नाउँ अमेरिका राखियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुर्तगालवासी मैंगेलनले नाविक यात्राद्वारा विश्वको परिक्रमा गरेका थिए । उनी फिलिपिन्स, इस्ट इन्डिज इत्यादि ठाउँमा पुगेका थिए ।

इङ्गलैण्डले पनि भौगोलिक खोजमा योगदान दियो । इङ्गलैण्डवासी केवाटले १४७९ ई.मा न्यू फाउण्डलैण्ड पत्तालगाए । १५०९ ई. मा केवाटका छोरा सेवास्टियनले लाब्राडर पत्तालगाए । इङ्गलैण्डका नाविक ड्रेकले १५५७–१५८० ई. मा पृथ्वीको परिक्रमा गरे । एवं प्रकारले अरू पुर्तगाली र स्पेनवासीहरूले अनेकौं देश पत्तालगाए । यस सिलसिलामा कर्टेजले मेक्सिको पत्तालगाए ।

पुनर्जागिरणको महत्त्व वा परिणाम

पुनर्जागरणले विश्वको इतिहासमा एउटा महत्त्वपूर्ण स्थान ओगटेको छ । पुनर्जागरणले गर्दा नै यूरोपमा राष्ट्रिय भावनाको विकास भयो र अध्यात्मकवादमाथि भौतिकवादले विजय पायो । अन्धविश्वासको साटो तर्कप्रति बढी बल दिने परम्परा पुनर्जागरणले बसालेकोले नै आधुनिक विज्ञानको जग बस्नगयो । धार्मिक क्षेत्रमा पनि भौगोलिक परिवर्तन आयो । धार्मिक परम्परा, विश्वास तथा प्रथाहरू तर्कका आधारमा ठीक वा गल्ती पैल्याउने चलन चल्यो । यसले गर्दा धार्मिक सुधार आन्दोलनको प्रारम्भ भयो । पुनर्जागरणले व्यक्तिवादी शिक्षा प्रदान गर्‍यो । पुनर्जागरणभन्दा पहिले मानिसहरू अन्तर्रराष्ट्रिय साम्राज्य वा अन्तर्रराष्ट्रिय चर्चमाथि विश्वास गर्दथे । तर व्यक्तिवादी सिद्धान्तले राष्ट्रियताको सिद्धान्तलाई जन्म दियो । मध्यकालीन युगमा पोपको अन्तरराष्ट्रिय सत्ता थियो । तर पुनर्जारगणले गर्दा पोपको सत्तामाथि मानिसहरूको श्रद्धा रहन गएन । अब मानिसहरू आ–आफ्ना राष्ट्रको विकासको लागि प्रयत्न गर्न थाले । अनि राष्ट्रियताको उदयले गर्दा राष्ट्रिय संस्कृतिको पनि शुरूआत भयो । पुनर्जागरणले उपनिवेशवाद वा साम्राज्यवादको पनि प्रारम्भ गरायो । पुनर्जागरण कालमा विभिन्न देश पत्तालागेकोले व्यापारको प्रशस्त उन्नति भयो । यूरोप दिन प्रतिदिन धनी हुँदै जान थाल्यो । जुन देशका नाविकले नयाँ देश पत्तालगाए, ती नयाँ देश पत्तालगाउने देशका उपनिवेश बन्नगए । यसप्रकार औद्योगिक क्रान्ति, धर्मसुधार आन्दोलन, उपनिवेशवाद र साम्राज्यवादको पृष्ठभूमि पुनर्जागणले तयार पार्‍यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मसुधार आन्दोलन

(REFORMATION MOVEMENT)

धर्मसुधार आन्दोलनको अर्थ

सोह्रौं शताब्दीसम्म यूरोपका चर्च व्यवस्थामा अनेकौं अवगुणहरू आइसकेका थिए। रोमका पोप सबै ईसाईहरूको एकमात्र आध्यात्मिक संरक्षक थियो । पोप ईसाई राजाहरूको पनि राजा मानिन्थ्यो । पोपको निरङ्कुश र असीमित अधिकारका विरुद्ध कुनै पनि सफल विद्रोह हुन सकेको थिएन । अतः पादरी र पोप कट्टर रूढिवादी विचारवाला र अन्धविश्वासी हुन गएका थिए । सोह्रौं शताब्दीमा प्राचीन सामाजिक, राजनैतिक तथा आर्थिक व्यवस्था र मान्यता छिन्नभिन्न हुन लागिरहेका थिए । पुनर्जागरण भैसकेको थियो र पुनर्जागरणको सफलताका लागि चर्चको रुढिवादी र परंपरागत विचारलाई समाप्त पार्न आवश्यक थियो । अतः पोप तथा चर्चको विरुद्ध एउटा आन्दोलन प्रारम्भ भयो, जसलाई धर्मसुधार आन्दोलन भनिन्छ ।

धर्मसुधार आन्दोलनका कारणहरू

राजनैतिक कारण

राष्ट्रियताको जागरणः– पुनर्जागरणबाट यूरोपमा राष्ट्रिय भावनाको विकास भयो । पन्ध्रौं शताब्दीसम्ममा पश्चिमी यूरोपका देशहरूमा स्वतन्त्र राज्य कायम भैसकेका थिए। यस्ता राज्यहरूमा राज्यका सर्वेसर्वा राजा हुन्थे । यस स्थितिमा राजा र चर्चका बीच संघर्ष अनिवार्य थियो । किनकि पादरीहरू राजालाई धर्मको नाउँमा आज्ञा दिने गर्दथे। तर सुदृढ राज्य स्थापित भएपछि राजाहरूले पादरी वा पोपको आदेशलाई मान्न छोडे। पोपले ईसाई राज्यहरूका चर्चमा पादरी र अन्य पदाधिकारीहरूको नियुक्ति गर्दथ्यो । राजा राज्यको सर्वोच्च भएकोले अब चर्चको पदाधिकारी तथा पादरीहरूको नियुक्ति राजाले गर्नथाले । यसबाट पोप वा चर्च तथा राजाहरूको बीच झगडा प्रारम्भ भयो । अर्कोतिर धार्मिक पदहरूमा पोपले राजाको कट्टर विरोधीलाई नियुक्ति गर्ने गर्दथ्यो । तसर्थ संघर्ष अवश्यम्भावी हुनगयो ।

चर्चको अदालतः– चर्चको आफ्नो अदालत हुन्थ्यो । धेरैजसो मुद्दाहरूको फैसला चर्चको अदालतबाट हुन्थ्यो । राजकीय अदालत वा सरकारी अदालतबाट फैसला भएका मुद्दाहरू पनि चर्चले हेर्ने गर्दथ्यो । चर्चको अदालतको फैसला सरकारी अदालतबाट भएका फैसलाका बिपरीत हुने गर्दथे। कुनै पनि स्वाभिमानी राजाले यस्तो व्यवस्था मनपराउँदैन । तसर्थ राजाहरू यस्तो व्यवस्था समाप्त पार्न चाहन्थे । साधारण जनता पनि चर्चको अदालतबाट वाक्क भएका थिए । किनकि चर्चको अदालतमा न्यायको स्वाङमात्र रचिन्थ्यो । पादरीहरू विलासी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घुस्याहा थिए । चर्चको अदालतले सबै सामन्त र धनीको मात्र पक्ष लिन्थ्यो । तसर्थ साधारण जनताले पनि छुट्टै न्यायालयको माग गर्न थाले ।

पोपको हस्तक्षेपः– राजाहरूको आन्तरिक मामलामा पोपको हस्तक्षेप बराबर भइरहन्थ्यो। चर्च आफूलाई राजाको प्रतिद्वन्दी सम्झन्थे । एउटै राज्यमा दुई प्रधान भएजस्तै हुन गयो । यसबाट राष्ट्रिय भावनालाई आघात पुग्न गएको थियो । पोपले केही देशहरूको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न प्रारम्भ गऱ्यो । पोपले राजाहरूको बढ्दै गएको शक्तिमा अङ्कुश लाउने प्रयत्न गर्नथाले । यसबाट राजा र पोपको बीच संघर्ष अनिवार्य हुन गयो । जनताले पनि यस संघर्षमा राजाको साथ दिए ।

जनता चर्चबाट असन्तुष्ट हुनुः– साधारण जनता चर्चबाट असन्तुष्ट थिए । चर्चले लगाएको कर (टैक्स) बाट साधारण जनता पिल्सिरहेका थिए । अर्कोपट्टि राजा र चर्चको विरुद्धको झगडामा जनताले राजाको सहायता गरे । जनता चर्चको करलाई हटाउन चाहन्थे । चर्चको अदालदतबाट पनि जनताको शोषण हुनगएको थियो । यसलाई पनि साधारण जनता फाल्न चाहन्थे ।

चर्चको सम्पत्तिः– राष्ट्रिय राज्यहरूको स्थापना भएकोले सरकारी चर्चमा प्रशस्त वृद्धि भएको थियो । शासन व्यवस्था र सैन्य सङ्गठनको सामन्ती स्वरूप बदलिएकोले राजालाई धनको आवश्यकता पऱ्यो । चर्चसँग अपार सम्पत्ति थियो । चर्चले राज्यलाई कुनै कर दिंदैनथ्यो । राजाहरूलाई राज्य सञ्चालनका लागि धनको कमी पूरा गर्न अप्ठचारो पारिरहेको थियो । यसको समाधान चर्चहरूमा टैक्स लगाएर नै हुनसक्थ्यो। तसर्थ राजा र चर्चको बीच संघर्ष अवश्यम्भावी थियो ।

आर्थिक कारण

रोमन चर्चव्यवस्थाले ब्याजमा रुपियाँ लेनदेनलाई धर्मविरोधी र अनैतिक कार्य मान्दथ्यो । सामन्ती अर्थव्यवस्था अन्तर्गत यो केही मात्रासम्ममा सम्भव थियो । किनकि यस व्यवस्थामा कर्जा दिने कामको कारोवार कम हुन्थ्यो। तर मुद्राप्रधान अर्थ व्यवस्थाको युग आएकोले व्यापारका लागि ब्याजमा कर्जाको लेनदेन आवश्यक हुन गएको थियो । चर्च पहिलेझैं ब्याजको विरोध गरिरहेको थियो । चर्चको नीतिलाई मान्दा व्यापारको अवनति हुन जान्थ्यो । तसर्थ व्यापारीहरू चर्चको यस नीतिमा परिवर्तन चाहन्थे । यसको लागि संघर्ष नै एकमात्र उपाय थियो।

धार्मिक कारण

चर्चमा भएका अवगुणहरू नै यूरोपीय धर्मसुधार आन्दोलनमा सबैभन्दा प्रमुख कारण थियो। चर्चभित्र अत्याचार बढिरहेको थियो । चर्चमा ठूला साना पदाधिकारी चरित्रहीन, लोभी र भ्रष्टाचारी हुनगएका थिए । पादरीहरूको एकमात्र उद्देश्य धन एकत्रित गर्नु थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक कर्मकाण्ड, जनकल्याण र शिक्षा दिने चिन्ता पादरीहरूमा रहन गएन । तिनीहरू विलासी जीवन बिताउँथे । सोह्रौं शताब्दीको प्रारम्भमा त चर्चको भ्रष्टाचार चरम सीमामा पुग्न गएको थियो । नैतिक दृष्टिकोणबाट अधिकांश पोपहरू पतित भैसकेका थिए । पोप लियो दशौंले "सेन्ट पीटरको गिर्जाघर" बनाउनका लागि चर्चहरूमा अनेकौं पदहरूका सिर्जना गर्‍यो । ती पदहरूलाई लिलाम गरायो । धेरै रकम दिनेलाई चर्चको पद प्रदान गरियो । विभिन्न सन्तहरूको मूर्तिलाई बन्धक दिइयो । यस्तै अन्य प्रकारबाट पोपले धन एकत्रित गर्न थाल्यो । अर्कोपट्टि पोपले "पाप मोचन पत्र" (इन्डलजेन्स) बिक्री गर्नथाल्यो । केही धन दिई पाप मोचन पत्र किन्न सकिन्थ्यो । पापी र भ्रष्टाचारीहरूले पाप मोचन पत्र किन्न थाले । जसले पाप मोचन पत्र किन्दथ्यो, त्यसको सबै पाप नाश हुन्थ्यो र सोझै स्वर्ग जान्थ्यो । यस प्रकारको घृणित कार्यहरूबाट पोपले धन एकत्रित गरिरहेको थियो ।

उपर्युक्त कारणहरूलाई हेर्दा सोह्रौं शताब्दीमा यूरोपमा परम्परागत चर्च व्यवस्थाको न कुनै उपादेयता नै थियो न त कुनै मर्यादा नै । आफ्नो आन्तरिक दुर्बलताले गर्दा खोक्रो हुनगएको थियो । धर्मसुधार आन्दोलनको सूत्रपात यसै सामाजिक, राजनीतिक र धार्मिक परिवेशमा हुन गयो । धर्मसुधार आन्दोलन समयको माग हुन गएको थियो ।

धर्मसुधारको प्रारम्भ र प्रसार

धर्मसुधार आन्दोलन तेह्रौं शताब्दीमा नै प्रारम्भ भएको थियो र सफलता सोह्रौं शताब्दीमा प्राप्त भयो । धर्मसुधार आन्दोलन यूरोपमा भएको थियो । अब हामी प्रारम्भिक कालका धर्मसुधार आन्दोलनमा एउटा दृष्टि लगाऔं ।

जॉन विक्लिफः– चौधौं शताब्दीका इङ्गलैण्ड निवासी जॉन विक्लिफ (१३२५–८४ ई.) ले धर्मसुधार आन्दोलनको पथ प्रदर्शन गरे । उनलाई धर्मसुधार आन्दोलनको अग्रदूत भनिन्छ । विक्लिफ अध्यवसायी व्यक्ति थिए । उनी निर्भिक र उग्रवादी थिए । शिक्षा हासिल गरेपछि उनी अक्सफोर्ड विश्वविद्यालयमा प्राध्यापक नियुक्ति गरिए । उनले ईसाई धर्मको गहन अध्ययन गरे । उनले पोपको स्वेच्छाचारिताको विरुद्ध विद्रोह गरे र ईसाई धर्मको ग्रन्थ बाइबलको अध्ययन गर्न बढी जोड दिए । बाइबलको अङ्ग्रेजीमा अनुवाद गर्ने व्यक्ति यिनै थिए । विक्लिफको मृत्युपछि उनको लाशलाई पोप र पादरीहरूले झिकी फोहोर ठाउँमा फाल्न लगाए ।

लोलार्ड सम्प्रदायः– विक्लिफका उपदेशहरूको इङ्गलैण्डमा व्यापक प्रभाव पर्‍यो । उनको मृत्युपछि पनि उनका अनुयायीहरूले रोमन चर्च र पोपको विरुद्ध आन्दोलन जारी नै राखे । ती आन्दोलनकारीहरूलाई लोलार्ड भनिन्थ्यो । सरकारका तर्फबाट कानून बनाई लोलार्ड सम्प्रदायको भयङ्कर रूपले दमन गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जॉन विक्लिफले बाइबलको अनुवाद गरी पादरीहरूलाई दिइरहेको

जॉन हस:– विक्लिफको प्रभाव इङ्गलैण्डभन्दा वाहिर पनि परयो । वोहेमिया निवासी जॉन हस (१३६९–१४१५ ई.) ले विक्लिफका उपदेशहरूको प्रचार गरेकोले पोपको आज्ञा-अनुसार उनलाई जिउँदै डढाइयो ।

सावोनारोला:– इटालीको फ्लोरेन्स नगर निवासी सावोनारोलालाई चर्च र पोपको विरोध गरी विचार स्वतन्त्रताको समर्थन गरे । उनलाई पनि जिउँदै मार्न लगाइयो ।

यस प्रकार चर्च विरोधी प्रारम्भिक आन्दोलन असफल रह्यो । चौधौं र पन्ध्रौं शताब्दीमा धर्मसुधारको जो वीजारोपण भयो, त्यो सोह्रौं शताब्दीमा अङ्कुरित भयो । सोह्रौं शताब्दीमा पनि ठूलाठूला धर्मसुधारहरू भए, जसले धर्मसुधार आन्दोलनलाई सफल पारी छाडे ।

मार्टिन लूथर:– चर्चमा सुधारको माग गर्ने सबैभन्दा ठूला नेता जर्मनी निवासी मार्टिन लूथर (१४८३–१५४६ ई.) थिए । उनले एम. ए. पास गरेका थिए । उनी बिटनवर्ग विश्वविद्यालयमा धर्मशास्त्रमा प्राध्यापक नियुक्ति भए । उनी साधु प्रवृत्तिका व्यक्ति थिए । पापवाट मुक्ति प्राप्त गर्नका लागि उनले चर्चमा प्रवेश गरेर पादरी भए । बाइबलको गहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययन गरे । आफ्नो चारैतिर फैलिएका भ्रष्टाचार तथा संसारिकताको वातावरणले केही दिनमा नै उनलाई वैराग लाग्यो । पूजा, प्रायश्चित, प्रार्थना, खानगी आदिबाट उनलाई घृणा

मार्टिन लूथर

उत्पन्न भयो । चर्चको दूषित वातावरणका विरुद्ध उनमा तीव्र प्रतिक्रिया भयो । उनले चर्चलाई छाडेर पापबाट मुक्ति प्राप्त गर्नका लागि साधारण र इमान्दारीपूर्वक जीवन बिताउन थाले । केही दिनपछि उनी रोम गए । त्यहाँ पोपको विलासी जीवन देखेर उनलाई घृणा भयो । रोमका पादरीहरू गुटबन्दीमा लागेका थिए । ईसाई जनताको पैसा थुत्नका लागि तिनीहरूले किसिमकिसिमका उपाय रच्थे । आफ्नो शक्तिलाई बढाउनको लागि पादरीहरू एक अर्काको विरुद्ध षड्यन्त्र गर्दथे । यसै समयमा पोप दशौंले पाप मोचन पत्र (इन्डलजेन्स) को बिक्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रारम्भ गरेका थिए । पापमोचन पत्रको अर्थ थियो, धार्मिक कार्यका लागि चर्चलाई अर्थदान गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छन् । धर्मको आडमा ईसाई जनतालाई चुसेको देखेर मार्टिन लूथरले विद्रोह गर्ने संकल्प गरे । लूथरले भने– "पापको प्रायश्चित पैसा दिएर हुँदैन" यस सम्बन्धमा उनले पन्चान्नब्बे लेख प्रकाशित गरे । पहिलो लेख लेटिन भाषामा प्रकाशित भयो । पछि जर्मन भाषामा यसको अनुवाद गरे । यी लेखहरू हजारौं मानिसहरूको हातमा परे । यी लेखहरूले गर्दा लूथरको सिद्धान्तलाई खूब प्रचार भयो । उनी एउटा ठूला सुधारक मानिन थाले । १५२० ई. मा लूथरले आयन ओपेन लेटर टु दि क्रिश्चियन........स्टेट, (An open letter to the christian nobility of the German nation concerning of the christian state) लेखे । यस पत्रमा उनले राज्य र गिर्जाघरका सम्बन्धको व्याख्या गरेका थिए । मध्य युगमा राज्य र चर्च दुवै स्वतन्त्र एकाई थिए । दुवै आ–आफ्ना राजनीति र धार्मिक क्षेत्रमा सार्वभौमसत्ता सम्पन्न थिए । लूथरले यस्तो व्यवस्थाको विरोध गरे । उनको भनाइअनुसार चर्च राज्यबाट अलग स्वतन्त्र संस्था हुनसक्दैन । चर्च राज्यको अधीनमा हुनुपर्छ । राजाले चर्चको अवस्थालाई हटाउनुपर्छ । राजाले वेलावेलामा धर्मसभाको आयोजना गरी धर्मपालनसम्बन्धी विचार गर्नुपर्छ । यसप्रकार चर्च तथा धर्मलाई राज्य अन्तर्गत विषय बनाए ।

लूथरले पापमोचन पत्रको बिक्रीलाई धर्मको विरुद्ध घोषित गरे । पोपको लागि यो एक प्रकारको हाँक थियो । १५२० ई. मा पोपले लूथरलाई धर्मच्यूत गरेको पत्र पठायो । पोपको पत्रलाई लूथरले विटनवर्गको खुला बजारमा डढाए । चर्च तथा पोपको विरुद्ध प्रतिवाद (Protest) गरेकोले लूथरका अनुयायीहरूलाई प्रोटेस्टेन्ट (Protestant) भनियो । यस प्रकारले ईसाई धर्म अन्तर्गत एउटा नयाँ सम्प्रदायको प्रादुर्भाव भयो ।

लूथरको जीवनको अन्तिम समयमा धर्मसुधार आन्दोलनले ठूलो रूप धारण गर्‍यो । लूथरका उपदेशबाट प्रेरणा पाई जर्मनीका कृषकहरूले विद्रोह गरे । लूथरको धर्मसुधार आन्दोलनबाट प्रभावित भई जर्मनीका अनेकौं राज्यहरू पोपको आधिपत्यबाट मुक्त भए । धर्मसम्बन्धी विषयलाई लिई जर्मनका अनेकौं राज्यहरू दुई दलमा बाँडिए । दुवै दलका बीच युद्ध प्रारम्भ भयो । १५५५ ई. मा यिनीहरूका बीच एउटा सम्झौता भयो । सम्झौताअनुसार जर्मनीको कुनै पनि राज्यले प्रोटेस्टेन्ट वा कैथोलिक धर्मलाई छाडी अन्य धर्म अँगाल्न नपाउने भए । जर्मनीको अधिकांश राज्यहरूमा प्रोटेस्टेन्ट धर्मलाई राजधर्म घोषित गरियो ।

लूथरको धार्मिक उपदेशहरूबाट ईसाई धर्मका दुई शाखा हुन गए । पोप र चर्चको सत्ता मान्नेहरूलाई कैथोलिक र लूथरको सिद्धान्त मान्नेहरूलाई प्रोटेस्टेन्ट भनियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कैथोलिकको प्रतिवाद (Counter Reformation):– यूरोपका ठूलाठूला देशहरूमा प्रोटेस्टेन्ट मतको प्रचार हुनथालेकोले पोप र कैथोलिक धर्मका अन्य अनुयायीहरूलाई आफ्नो स्थिति जोगाउन धौधौ पर्नगयो । प्रोटेस्टेन्टहरूको प्रतिवाद गर्नका लागि कैथोलिक धर्ममा नै केही सुधार गरिनुपर्छ भन्ने उनीहरूले अनुभव गरे ।

ट्रेटको कौन्सिल:– ट्रेटको कौन्सिलले कैथोलिक धर्मावलम्वीहरू भेला भए । पाप पनि यसमा सामेल भयो । कौन्सिलले प्रोटेस्टेन्टहरूको प्रतिउत्तर दिने निधो गर्‍यो । यस कौन्सिलले कैथोलिक धर्मको व्याख्या गरी यूरोपका विभिन्न देशमा प्रचार, प्रसार गर्‍यो । कैथोलिक धर्ममा पनि अनेकौ सुधार गरिए । पाप मोचन पत्रहरूको बिक्री वितरण बन्द गरियो । योग्य र इमान्दार व्यक्तिहरूलाई नै पादरीमा नियुक्ति गरियो । पाठशालाहरूमा बाइबलको अध्ययन प्रारम्भ गरियो । यसप्रकार ट्रेटको कौन्सिलले डुब्न थालेको कैथोलिक मतलाई जोगाउने ठूलो प्रयत्न गर्‍यो ।

जेसुएट संघ:– इग्नेसस लागोलाको प्रयासले केही उत्साह तथा कैथोलिक धर्ममा विश्वास राख्ने युवकहरूको एउटा संघ बन्यो । संघलाई 'जेसुएट संघ' भनिन्थ्यो । यस संघका सदस्यहरूले आफ्नो जीवन ईसाई धर्मको सेवामा विताउने प्रतिज्ञा गरेका थिए । यस संघका सदस्यहरूले कैथोलिक मतको जोडदार प्रचार गरे । प्रोटेस्टेन्ट मतावलम्वी राज्यहरूमा पनि यस संघका सदस्यहरूले कैथोलिक मतको प्रचार गरे । चीन, भारत, अमेरिका आदि देशहरूमा यस संघका सदस्यहरूले कैथोलिक मतको प्रचार गरे । यस संघका सदस्यहरूले विभिन्न ठाउँमा पाठशाला, अस्पताल र अन्य सेवा केन्द्रहरू स्थापित गरी कैथोलिक मतको प्रचार गर्न थाले । यसबाहेक पोपले पनि केही निषेध आज्ञा जारी गरी कैथोलिक धर्मलाई जोगाउने प्रयास गर्‍यो ।

कैथोलिकहरूको प्रयासबाट डुब्न थालेको कैथोलिक मत जोगियो र यूरोपका केही देश-हरूमा कैथोलिक धर्म पहिलेझैं रहन गयो ।

अभ्यास

१. पुनर्जागरणको अर्थ खुल्ने गरी दश हरफमा लेख ।
२. पुनर्जागरण हुने कुनै पांच कारणहरूको उल्लेख गर ।
३. पुनर्जागरणका कुनै दुई अग्रदूत लेखकहरूको नाउँ लेख ।
४. पुनर्जागरणकालका कुनै तीन चित्रकारहरूको टिप्पणी लेख ।
५. डानक्विजटका लेखक को थिए र यिनी कहांका निवासी हुन् ?
६. पुनर्जागरणकालीन एक भवनको उल्लेख गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. पुनर्जागरणकालीन तीन साहित्यिकहरूका कृतिको उल्लेख गर ।
८. मध्ययुगका वैज्ञानिक क्षेत्रमा किन प्रगति हुन सकेको थिएन ? पाँच हरफमा लेख ।
९. पुनर्जागरणकालका पाँच वज्ञानिकहरूको नाउँ लेख ।
१०. पुनर्जागरणकालीन वैज्ञानिकहरूले पत्तालगाएका पाँच कुराहरूको उल्लेख गर ।
११. नयाँनयाँ देश पत्तालगाउने मुख्य कारण के थियो ? दश हरफमा लेख ।
१२. नाविकहरूले पत्तालगाएका तीन देशहरूको नाउँ देऊ ।
१३. कुनै तीन प्रख्यात नाविकहरूको नाउँ देऊ ।

१४. खाली ठाउँमा भर

(क) पुनर्जागरणकालका अग्रदूत पेट्रार्क र.......थिए ।
(ख) पुनर्जागरणको प्रारम्भ.......वाट भएको थियो ।
(ग) टामसमरको रचना.......हो ।
(घ) विश्व प्रसिद्ध नाटककार......बेलायत निवासी हुन् ।
(ङ) कोलम्वसले........पत्तालगाएका थिए ।
(च) वास्कोडिगामाले..........जाने समुद्रीमार्ग पत्तालगाए ।
(छ) दूरवीनको आविष्कारक.......हुन् ।

१५. धर्मसुधार आन्दोलनको राजनीतिक कारण एक पृष्ठमा नवढाई लेख ।
१६. धर्मसुधार आन्दोलनको आर्थिक कारण के थियो ?
१७. "धार्मिक कारणले गर्दा नै धर्मसुधार आन्दोलन भएको थियो ।" के तिमी यस भनाइसँग सहमत छौ ?
१८. प्रारम्भिककालका धर्मसुधारहरूका विषयमा एक पृष्ठमा नवढाई लेख ।
१९. मार्टिन लूथरको जीवनी विषयमा दश हरफमा लेख ।
२०. "प्रोटेस्टेन्ट" भन्नाले तिमी के बुझ्दछौ ? चार हरफमा यसको अर्थ खुल्ने गरी लेख ।
२१. कैथोलिकहरूको प्रतिवाद आन्दोलनको विषयमा पन्ध्र हरफमा नवढाई लेख ।

२२. छोटकरीमा लेख

(क) धर्मसुधार आन्दोलनका तीन कारणहरूको उल्लेख गर ।
(ख) प्रारम्भिक धर्मसुधारकहरूको नाउँ लेख ।
(ग) प्रोटेस्टेन्ट मत के लाई भन्दछन् ?
(घ) 'पाप मोचन पत्र' भनेको के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. तलका वाक्य ठीक जतिमा (√) चिन्ह र गल्ती जतिमा (×) चिन्ह लगाऊ

(क) पोप ईसाई जगत्‌को धार्मिकनेता मानिन्थ्यो ।

(ख) चर्चको आफ्नो अदालत हुन्थ्यो जहाँ धार्मिक मुद्दाको फैसला गरिन्थ्यो ।

(ग) जॉन हास र सावोनारोलालाई पोपको आज्ञाअनुसार मार्न लगाइयो ।

(घ) चौधौं शताब्दीका धर्मसुधारकहरूमा जॉन विक्लिफ प्रमुख थिए ।

(ङ) सोह्रौं शताब्दीका धर्मसुधारकहरूमा सबैभन्दा प्रमुख मार्टिन लूथर थिए ।

(च) मार्टिन लूथर जर्मनीका निवासी थिए ।

(छ) मार्टिन लूथर धर्मशास्त्रका प्राध्यापक थिए ।

(ज) ईसाई जनताबाट धन एकत्रित गर्ने उद्देश्यले पापमोचन पत्रको बिक्री प्रारम्भ गरिएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्यहरूमा राष्ट्रियताको उदय (THE RISE OF NATIONS)

प्राचीन यूनान वा ग्रीसमा नगर राज्यहरू स्थापित गरिएका थिए । यी नगर राज्यहरू स्वतन्त्र थिए । मध्यकालीन पूर्वी यूरोपमा पनि नगर राज्यहरू थिए। नगर राज्यहरू राष्ट्रिय एकता स्थापना गर्नमा बाधक थिए। तर पश्चिमी यूरोपमा नगर राज्यहरूको अभाव थियो। तसर्थ पश्चिमी यूरोपका राज्यहरूमा राष्ट्रियता स्थापनामा कठिन परिश्रम गर्नु परेन । मध्य-कालीन यूरोपमा सामन्ती प्रथा (Feudalism) प्रचलित थियो । सामन्ती प्रथामा अनेकौं अवगुणहरू थिए । यस व्यवस्थाबाट जनता खुशी थिएनन् । जनता एउटा शक्तिशाली केन्द्रीय राज्य चाहन्थे । यसको लागि संघर्ष अनिवार्य थियो । इङ्गलैण्ड, फ्रान्स र रूसमा राष्ट्रियताको उदय कसरी हुनगयो त्यसको विवरण तल दिइन्छ ।

इङ्गलैण्डमा राष्ट्रिय भावनाको जागरण

प्राचीनकालमा इङ्गलैण्ड अन्य यूरोपीय राष्ट्रहरू भन्दा कमजोर र पिछडिएको थियो । रोम विजेता जुलियस सीजरले ५४ ई. पू. मा इङ्गलैण्डमा आक्रमण गरी अधिकार गरे । अांग्ल, जूट र सैक्शन जातिले रोमनहरूलाई लखेटी इङ्गलैण्डमा अधिकार गरे । तर यी जातिहरूले पनि स्वतन्त्र राज्य स्थापना गर्नेतर्फ विचार गरेनन् । इङ्गलैण्डमा स्वतन्त्र राज्य स्थापना गर्नेहरूमा प्रथम सैक्शनवर्ग सम्राट एग्वर्ट र अल्फ्रेड महान् थिए । यी सम्राटहरू पछि डेनगवर्गका सम्राट स्वीजनले पनि इङ्गलैण्डमा राष्ट्रिय राज्य स्थापित गर्ने प्रयास गरे। डेनगवर्गपछि इङ्गलैण्डको सत्ता पुनः सैक्शनवर्ग वंशजका राजाहरूको हातमा आयो । सैक्शन वर्गीय सम्राट एडवर्ड दी कनफेसर (Edward the Confessor) र हेरोल्डले स्वतन्त्र राज्य स्थापित गर्ने योजना बनाए । यसप्रकार प्रारम्भिक कालदेखि एघारौं शताब्दीको मध्यसम्म इङ्गलैण्डमा अनेकौं पटक केन्द्रीय शासन स्थापित हुनगयो । सैक्नशवंशीय शासकहरू निरङ्कुश थिए । यस वंशको शासनकालमा "विटनगेमोट" नामक एउटा विशाल सभाको स्थापना गरियो। यसका सदस्यहरू प्रायः सामन्त हुन्थे । १०६६ ई.मा नारमण्डीका सामन्त विलियमले इङ्गलैण्डमा आक्रमण गरी अधिकार गरे । यहींदेखि इङ्गलैण्डको शासन नर्मन वंशजहरूको हातमा पर्नआयो ।

नर्मनहरूको विजय र प्रभाव

नर्मनवंशी विलियमले इङ्गलैण्डमा आक्रमण गरी हेरोल्डलाई हराए । विलियमले केन्द्रीय शासन बनाउने ठूलो प्रयत्न गरे । इङ्गलैण्डको संवैधानिक विकास नर्मनवंशजबाट प्रारम्भ हुन्छ । विलियमले विटेनगेमोटलाई "ग्रेट कौन्सिल" को रूपमा परिणत गरे । इङ्गलैण्डमा ठूलाठूला सामन्तहरू आपसमा संघर्ष गर्दथे र आफ्नो शक्ति विस्तार गर्ने प्रयत्नमा लाग्दथे । सामन्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको महत्त्वाकाङ्क्षाबाट नै इङ्गलैण्डमा वलियो केन्द्रीय शासनको स्थापना हुन सकेको थिएन। यी सामन्तहरूको शक्तिलाई क्षीण पार्नु वा मिलाएर राख्नु आवश्यक थियो। यी सामन्तहरू विदेशी शक्तिबाट प्रभावित रहन्थे। तसर्थ विलियमले ठूलाठूला कृषक र सामन्तहरूलाई एकै ठाउँमा एकत्रित गराई नर्मन सम्राटप्रति बफादार रहने प्रण तथा शपथ दिलाए। विलियमको प्रयासले गर्दा राजा र प्रजाको बीच बडो राम्रो घनिष्ठ सम्बन्ध स्थापित हुनआयो।

हेनरी द्वितीय

नर्मनकालीन राजाहरू शक्तिशाली भएकोले सामन्तहरू (वैरनहरू) ले केही गर्न सकेनन्। विलियमको विजयको लगभग १०० वर्षपछि इङ्गलैण्डमा हेनरी द्वितीय शासक भए। हेनरी द्वितीयले वैरनहरू (सामन्तहरू) को शक्ति क्षीण गर्नका लागि अनेकौं सुधारहरू गरे। हेनरी द्वितीयको नियम कानूनवाट वैरनहरूको शक्ति नै कम हुन गयो। चर्चको शक्ति कम गराउने कार्यमा हेनरी द्वितीयलाई सफलता प्राप्त भएन। हेनरी द्वितीयले जूरी प्रथा प्रचलनमा ल्याए। अङ्ग्रेजी कानून (Civil Code) प्रचलन गराउने पनि हेनरी द्वितीय नै हुन्। यसबाट सम्पूर्ण बेलायतमा एउटै किसिमको कानून हुनगयो। यसले गर्दा राष्ट्रियताको विकासमा सहयोग भयो।

जॉनका समयमा 'मेगनाकार्टा' ब्रिटिश जनताले पायो। वेलायतको इतिहासमा यो प्रथम संवैधानिक कानून थियो। बेलायतको संवैधानिक इतिहासमा मेगनाकार्टालाई गहकिलो कदम मानिन्छ। बेलायतको संवैधानिक इतिहास मेगनाकार्टदेखि नै प्रारम्भ हुन्छ भन्नुमा अत्युक्ति हुँदैन।

राजा एडवर्ड प्रथमको शासनकालमा ब्रिटिश संसदको विकास भयो। यिनको शासनकालमा लार्डसभा भन्ने थियो। यस प्रकार ग्रेट कौन्सिलको रूपमा रहेको राजाको सल्लाहकार समिति संसदका रूपमा देखिन आयो र संसदमा दुई सदन हुन गयो।

सय वर्षको लडाईं

१३३८ ई. मा बेलायत र फ्रान्सको वीच एउटा लामो युद्ध प्रारम्भ भयो, जसलाई 'सय वर्षको युद्ध' भनिन्छ। यो युद्ध १३३८ ई. देखि १४५३ ई. सम्म भएको थियो। यो युद्ध वीचवीचमा रोकिई रोकिई हुन्थ्यो। यसका अनेकौं कारणहरू थिए। सबैभन्दा प्रमुख कारण बेलायत र फ्रान्सको बीचको प्रतिद्वन्दिता नै थियो। फ्रान्सले बेलायतमा सामन्तहरूलाई गोलमाल मचाउन सहायता दिन्थ्यो। फ्रान्सिसी नाविकहरूले इङ्गलिश च्यानलमा अङ्ग्रेजहरूको मालसामान लुट्दथे। यस्तै प्रकारका अन्य कारणहरूले गर्दा सय वर्षको लडाईं भयो। लडाईंको प्रारम्भमा इङ्गलैण्ड विजयी भयो। तर अन्त्यमा फ्रान्सिसी जॉन अफ आर्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(John of Arc) ले युद्धको पासा फ्रान्सको पक्षमा पल्टाइन् । अङ्ग्रेजहरूले विजय गरेका अनेकौं फ्रेन्च प्रदेशहरू फ्रान्सिसीहरूले फर्काए । अन्तमा जॉन अफ आर्क अङ्ग्रेजहरूको हातमा परिन् र उनलाई जिउँदै डढाइयो । सय वर्षको युद्धमा ठूलाठूला वैरनहरूले भाग लिएका थिए । युद्ध सकिएपछि यी वैरनहरूले इङ्गलैण्डमा उत्पात मचाउन थाले । अन्तमा वैरनहरूका बीच "गुलाबको लडाईं" "(War of Roses) भयो। यस युद्धमा धेरै वैरनहरू मारिए ।

ट्यूवडर वंशका प्रथम राजा हेनरी सप्तमले वैरनहरूको शक्ति र अधिकारहरूलाई कम पार्न अनेकौं कानूनहरू बनाए । हेनरी सप्तमले वैरनहरूको शक्तिलाई समाप्त पारी इङ्गलैण्डमा साधारण नागरिकझैं पारे । अब इङ्गलैण्डमा वैरनहरू (सामन्तहरू) को चकचकी समाप्त भयो । तर धर्मको आडमा पोप तथा चर्चहरूले शोषण गरिररहेका थिए । पोपले अङ्ग्रेजहरूको चर्चका पादरी तथा अन्य कर्मचारीहरूलाई नियुक्ति गर्दथ्यो । राज्यको आन्तरिक मामलामा चर्चले हस्तक्षेप गर्दथ्यो । एउटा स्वाभिमानी राष्ट्रको लागि यो साह्रै नै चोट पर्ने कुरा थियो । चर्चहरूको सम्बन्ध सोझै पोपसँग थियो । चर्चहरूले राज्यलाई कर तिर्नु पर्दैनथ्यो ।

हेनरी अष्टम

हेनरी अष्टम

हेनरी सप्तमपछि इङ्गलैण्डको राजगद्दीमा हेनरी अष्टम बसे । हेनरी अष्टम आफ्नी रानी कैथराइनलाई पारपाचुके दिन चाहन्थे । यसको लागि उनले पोपसँग अनुमति प्राप्त गर्ने प्रयास गरे । तर पोपले आनाकानी गरेकाले उनले एउटा गहकिलो कदम चाले । उनले इङ्गलैण्डका चर्चहरूले राज्य अन्तर्गत पारी पोपसँग सम्बन्ध विच्छेद गरे । अब इङ्गलैण्डका चर्चहरूले पोपलाई धन पठाउन नसक्ने भए। चर्चहरूको सम्पत्ति राज्यका कानून अन्तर्गत आउन गयो । पादरीहरूको नियुक्ति पनि राजाबाट हुन थाल्यो । यसप्रकार इङ्गलैण्डबाट एउटा सार्वभौमसत्ता सम्पन्न राष्ट्र बन्नगयो । हेनरी अष्टमको कार्यबाट प्रोत्साहित भई इङ्गलैण्डमा प्रोटेस्टेन्ट मतको प्रचार हुनगयो । ट्यूवडर वंशका राजाहरूले इङ्गलैण्डको प्रतिष्ठा खूबै बढाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एलिजावेथ प्रथम

हेनरी अष्टमपछि इङ्गलैण्डमा एडवर्ड छैटौं र मेरी (Blood Mary) राजगद्दीमा बसे । यी दुवैका शासन कालमा धार्मिक दङ्गाहरू भए । एडवर्ड छैटौंले प्रोटेस्टेन्ट मत प्रचार



एलिजावेथ प्रथम

गर्नका लागि अनेकौं नियम कानूनको निर्माण गरे । मेरी कट्टर कैथोलिक भएकीले प्रोटेस्टेन्ट मतावलम्वीहरूलाई ठूलो यातना दिइन् । ट्यूवडर वंशका अन्तिम शासक एलिजावेथ भइन् । यिनको शासनकालमा इङ्गलैण्ड विश्वको सबैभन्दा शक्तिशाली देश बन्नगयो । यिनमा धार्मिक सहिष्णुता थियो । यिनले प्रोटेस्टेन्ट र कैथोलिक कसैको पनि पक्ष लिइनन् । यिनको प्रयासले गर्दा नै इङ्गलैण्डमा एग्लोकन चर्चहरू स्थापित भए । यस चर्चमा कैथोलिक र प्रोटेस्टेन्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै सम्प्रदायका राम्राराम्रा कुराहरू थिए। यस प्रकार इङ्गलैण्डलाई धार्मिक दङ्गाहरूबाट जोगाउने श्रेय एलिजावेथलाई नै छ । स्पेनले "अर्मडा" (जङ्गी पानी जहाज) पठाई इङ्गलैण्डमा आक्रमण गरयो । एलिजावेथको प्रयासले गर्दा नै स्पेन हारयो । यनैको शासनकालमा "इष्ट इन्डिया कम्पनी" (East India Company) नामक एउटा संस्था स्थापित भयो, जसले भारतसँग व्यापार प्रारम्भ गरयो। डेक, रेले आदि नाविकहरू यिनैको शासनकालमा भए । विश्वप्रसिद्ध नाटककार शेक्सपीयर यिनैको शासनकालमा भए । इङ्ग ्ण्डको सामुद्रिक शक्तिको विकास एलिजावेथकै प्रयासले सम्भव भयो । जल र स्थलमा इङ्गलैण्डलाई विश्वमा सर्वोपरी पार्ने श्रेय एलिजावेथलाई नै छ । तसर्थ एलिजावेथको शासनकाललाई इङ्गलैण्डको इतिहासमा स्वर्णयुग भनिन्छ ।

फ्रान्समा राष्ट्रिय भावनाको जागरण

फ्रान्सका सामन्त अत्यन्त धनी थिए। तसर्थ फ्रान्समा प्रारम्भका राजाहरूले आफ्नो प्रयत्न जारी नै राखे । फिलिप द्वितीय (११८०–१२२३ ई.) ले राजाको शक्ति वृद्धि गर्नमा निरन्तर प्रयास गरेर उनी केही सफल पनि भए । जसले सामन्तहरूले गर्ने अनेकौं सरकारी कार्यहरूका लागि सरकारी कर्मचारीहरू राखे । फिलिप द्वितीयको प्रयत्नले गर्दा सामन्तहरूका शक्ति धेरै नै क्षीण हुनगयो। नवौं लुई (१२२६–१२७० ई.) ले राजशक्तिमा वृद्धि गर्ने ठूला प्रयास गरे। उनी इतिहासमा "सेन्ट लुई" का नामले प्रख्यात छन् । उनी सवै उनी ईसाई धर्मावलम्बी थिए । तसर्थ उनी जनताका साह्रै प्रिय हुनगएका थिए । उनले अनेकौं प्रति समान व्यवहार गर्दथे। नियम कानूनहरूको निर्माण गरी फ्रान्स राजसत्ताको जरोलाई सदाका लागि बलियो पारे । फ्रान्सका एक अर्का सम्राट फिलिप (१२८५–१३१५ ई.) ले राजसत्तालाई अझै सुदृढ र व्यापक पारे । उनले फ्रान्सलाई सङ्गठित गर्न दृढ सङ्कल्प गरे । उनले पादरीहरूलाई कर लगाएर मुद्दा मामिलाहरूको फैसला राजकीय न्यायालयहरूबाट गरे । फिलिपको यस कार्वाहीबाट पोप रिसायो । तर जनताले राजाको साथ दिएकाले केही गर्न सकेन । फिलिपले जनप्रतिनिधि भएको एउटा संसद (Estates General) स्थापित गरे जसमा पादरी, सामन्त र साधारण जनताका प्रतिनिधिहरू रहन्थे। फिलिपको मृत्युको समयमा फ्रान्सका अधिकांश भू–भागमा राजाको अधीन भइसकेको थियो । फ्रान्सका सम्राटहरूको प्रयत्नबाट फ्रान्समा एक प्रकारले राष्ट्रिय जागरण भैसकेको थियो । तर फ्रान्सको केही भू–भाग इङ्गलैण्डको अधीनमा भएकोले पूर्णरूपले एकीकरण हुन सकेको थिएन।

१३३८ ई. मा फ्रान्स र इङ्गलैण्डका बीच एकसय वर्षसम्म लडाइँ प्रारम्भ भयो । प्रारम्भमा सब युद्धहरू इङ्गलैण्ड विजयी भयो । तर अन्तमा जाँन अफ आर्क (John of Arc) को प्रयासले गर्दा युद्धको पासा फ्रान्सको पक्षमा पल्टियो । फ्रान्सले इङ्गलैण्डबाट आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकौं भू–भाग फर्कायो । सय वर्षको युद्धपछि फान्सिसीको भू–भागमा फ्रान्सिस राजाको अधिकार भयो र फ्रान्सका सम्राट पूर्णरूपले शक्तिशाली हुन गए ।

हेनरी चतुर्थ

सोह्रौं शताब्दीमा फ्रान्सका शत्रु रोमन राज्यका सम्राट चार्ल्स पञ्चम र पुत्र फिलिप द्वितीय थिए । यी दुवैले फ्रान्सलाई जित्ने प्रयास गरे । तर फ्रान्सका राजा फ्रान्सिसी प्रथम र हेनरी द्वितीयले देशको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गरे । फ्रान्सभित्र नै राजाका दुई शत्रु थिए । शहरमा बस्ने प्रोटेस्टेन्ट मतावलम्बीहरू धार्मिक स्वतन्त्रताको साथसाथै स्टेट्स जनरललाई बढी अधिकार दिइनुपर्दछ भन्ने माग गरिरहेका थिए । तर राजाका लागि यसो गर्न सम्भव थिएन । यसबाट अशान्ति फैलियो । अर्कोतिर फ्रान्सिसी सामन्तहरूका दुई दल गाइजवंशी सामन्त र वूरवौवंशी सामन्त आफ्नो शक्तिमा वृद्धि गर्नको लागि संघर्ष गरिरहेका थिए । यसले गर्दा फ्रान्समा गृहयुद्ध प्रारम्भ भयो । तर स्पेनका राजा फिलिप द्वितीयले पनि यस गृहयुद्धमा कैथोलिक सम्प्रदायलाई मद्दत गरे । अन्तमा वूरवौवंशी सामन्तहरूले जिते र हेनरी चतुर्थ राजा भए । हेनरी चतुर्थ नयाँ धर्मावलम्बी भएकाले उनको विरोध हुन थाल्यो । उनले कैथोलिक धर्म ग्रहण गरी विरोधीहरूको जवाफ दिए । सत्रौं शताब्दीमा यूरोपका विभिन्न देशहरू साम्राज्य विस्तार गरेर उपनिवेशहरू कायम गर्नमा एक अर्कासँग युद्ध गर्दथे । हेनरी चतुर्थले आन्तरिक सुधार गरी फ्रान्सलाई बलियो राष्ट्र तुल्याए । यसपछि फ्रान्स यूरोपका अन्य शत्रु राष्ट्रहरूसँग युद्ध गर्न तम्सियो । विभिन्न देशहरूसँगको युद्धमा फ्रान्स विजयी भयो । अस्ट्रिया र स्पेनका शासकहरूलाई फ्रान्सले हरायो । यूरोपबाट स्पेनको प्रधानता समाप्त पार्नमा प्रमुख हात फ्रान्सको थियो। यसबाट फ्रान्सिसी राजाको शक्ति प्रशस्त बढ्यो । सोह्रौं शताब्दीसम्म यूरोपमा कलाकृतिको केन्द्र इटालीलाई सम्झिन्थ्यो । तर सत्रौं शताब्दीमा यूरोपीय जगत्को शिक्षाको केन्द्र फ्रान्स हुनगयो । फ्रान्सका सामन्त र पादरीहरूको शक्तिलाई क्षीण पार्ने श्रेय हेनरी चतुर्थलाई छ । यसपछि फ्रान्सका वकील, डाक्टर तथा व्यापारीवर्गको उदय भयो, जो शक्तिशाली हुँदै गयो । फ्रान्समा आन्तरिक शान्ति कायम राखी यूरोपमा फ्रान्सको प्रतिष्ठा कायम राख्ने राजा हेनरी चतुर्थ नै थिए । हेनरी चतुर्थले निर्माण गरेको फ्रान्स नै आज विश्वका शक्तिशाली राष्ट्रहरूमध्ये एक हुन आएको छ ।

रूसमा राष्ट्रिय भावनाको जागरण

प्रारम्भमा रूस एउटा राज्यको रूपमा थिएन । रूसको वडो भू–भाग वेकार थियो । उत्तरी रूसमा साह्रै जाडो हुने हुँदा मनुष्य जाति त्यति वस्तैनथे । रूसको पश्चिमी दक्षिणी भू–भाग जङ्गली इलाका थिए । मनुष्य वस्नसक्ने भूमि विभिन्न सानासाना राज्यहरूमा विभाजित थियो । त्यस्ता सानासाना राज्यहरूमा प्रमुख थियो ग्रैन्ड डचो अफ मस्को (Grand

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Duchee of Mascow)। यस राज्यको राजधानी मास्को थियो। यहाँ ईसाई धर्म र सभ्यताको प्रचार यूनानी पादरीहरूले गरेका थिए। रूसको अधिकांश भाग मङ्गोलहरूको अधिकारमा थियो।

रूसको महत्ताको प्रारम्भ तृतीय आइवन महान् (१४६२–१५०५ ई.) को शासनकाल-देखि भयो। आइवनले रूसवाट मङ्गोललाई धपाए। उनले सानासाना रूसी राज्यहरूलाई एक क्षेत्रमा गाँसे। रूसी राज्यको सीमाना यूराल पर्वतसम्म पुर्‍याए। रूसको राजनैतिक र सामाजिक संस्थाहरू यूरोपभन्दा एशियासँग मिल्दाजुल्दा थिए। रूसको ईसाई धर्म पनि पश्चिमी जगत्को धर्मभन्दा भिन्न थियो। अतः यूरोपको राजनीतिमा रूस एउटा राष्ट्रको रूपमा अठारौं शताव्दीमा मात्र देखापर्‍यो।

पीटर महान्



पीटर महान्

१६१६ ई. मा माइकेल रोमनोव जार (राजा) भए। उनले रूसको प्रभाव क्षेत्रलाई अझ वढाए। पीटर महान् १६८२ ई. मा जार भए। उनी रूसका निर्माता थिए। उनलाई पश्चिमी यूरोपको कला र विज्ञानको ठूलो रुचि थियो। पीटरले रूसका सैनिक सङ्गठनमा सुधार गरे। रूसी सैनिक शक्तिको वलमा नै पीटरले रूसको विस्तार गरे। रूसी जीवनको प्रत्येक क्षेत्रमा पीटरले कानून बनाए। रूसमा कसैले पनि दाह्री नराखोस् भन्ने हेतुले उनले एउटा कानून बनाए। दाह्री पाल्नेले कर बुझाउनु पर्दथ्यो। चुरोट वा तमाखु रूसमा सबैका लागि अनिवार्य गरियो। रूसी समाजवाट पर्दा प्रथा समाप्त पारियो। उनले चर्चको पनि नयाँ किसिमले सङ्गठन गरे। उनले मास्कोस्थित पैट्रिआर्कका अधिकारलाई समाप्त पारी चर्च सञ्चालनका लागि एउटा संघ बनाए, जसको नाउँ "होलीसिनाड" राखियो। यस संघका सबै सदस्यहरूको नियुक्ति पीटरवाट हुन्थ्यो। यसप्रकार साधारण जनतामा पीटरले चर्चप्रति श्रद्धा गराए। पीटरले शासन सम्बन्धमा पनि अनेकौं सुधार ल्याए। एउटा प्राचीन सामन्ती संस्था 'ड्यूमा' लाई समाप्त पारी पीटरले परामर्शदातृ स्थापना गरे। उनले स्थानीय शासनको अन्त गरी रूसमा राजसत्तालाई दिगो र बलियो पारे। रूसको शासन सरकारी कर्मचारीहरूबाट चलाउन थालियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र पुलिसको व्यवस्था प्रारम्भ गरियो । यसप्रकार पीटर महान् रूसका निर्माता भए । तसर्थ जनताले उनलाई राष्ट्रपितातुल्य मान्दथे । त्यसैले आधुनिक रूसको निर्माता पीटर महान् हुन् भन्नुमा अत्युक्ति हुँदैन ।

कैथराइन द्वितीय

रूसको इतिहासमा रूसको गौरव विश्वमा फैलाउने । जारीनाहरूमा प्रमुख कैथराइन् द्वितीय आउँछिन् । कैथराइनले पीटर महान्को अपूरो सपनालाई पूरा गर्ने ठूलो प्रयास गरिन् । उनले शासनमा अनेकौं सुधार गरिन् । चर्चको

कैथराइन द्वितीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्ति जफत गरी चर्चका कर्मचारीहरूलाई सरकारतर्फबाट वेतन दिन प्रारम्भ गरियो । कैथराइनले पोलैण्ड र तुर्कीलाई शक्तिहीन पार्ने प्रयास गरिन् । पोलैन्ड दु:खित सामाजिक व्यवस्थाले गर्दा निर्वल हुन गएको थियो । पोलैन्डमा राजाको निर्वाचन सामन्तहरूले गर्ने गर्दथे । प्राय: विदेशीहरू नै राजा निर्वाचित हुन्थे । कानून निर्माण गर्ने सभामा एउटा पनि सदस्यले विरोध गर्दा कानून बन्न सक्दैनथ्यो । कैथराइनले आफ्नो एक विश्वासी दरबारियालाई पोलैन्डको राजा बनाइन् । यसप्रकार पोलैन्डमा रूसको आधिपत्य हुनगयो । पोलैन्डका केही विद्रोहीहरू तुर्की गएका थिए । तसर्थ कैथराइनले तुर्कीमा आक्रमण गरिन् । छः वर्षसम्म युद्ध चल्यो । अन्त्यमा दुवै देशको बीच सम्बन्ध भयो । सन्धिअनुसार रूसले कालो सागर (Black Sea) को तटको बन्दरगाह पायो र त्यहाँ जहाज चलाउने अधिकार पायो । यसप्रकार रूसलाई आधुनिक रूसमा परिणत गर्ने कैथराइन द्वितीयको देन महत्त्वपूर्ण मानिन्छ ।

अभ्यास

१. नर्मनहरूको इङ्गलैण्डमा आक्रमण र प्रभावको उल्लेख गर ।
२. सय वर्षको युद्धको प्रभाव इङ्गलैण्डमा के पर्‍यो ?
३. हेनरी अष्टमले पोपसँग कसरी र किन सम्बन्ध विच्छेद गरे ?
४. एलिजावेथले इङ्गलैण्डलाई कसरी बलियो तुल्याइन् ?
५. सय वर्षको युद्धको फ्रान्समा के प्रभाव पर्‍यो ?
६. हेनरी चतुर्थ, तृतीय आइवन् महान्, पीटर महान् र कैथराइन तृतीयका कार्यहरूको महत्त्वबारे दशदश हरफमा नवढाई लेख ।
७. **तलका खाली ठाउँमा भर**

(क) जूलियस सीजरले........ई. पू. मा इङ्गलैण्ड विजय गरे ।
(ख) 'विटेनगेमोट' भनेको एउटा वृहत्..........थियो ।
(ग) नर्मनवंशी........ले इङ्गलैण्डलाई........ई. मा आक्रमण गरेका थिए ।
(घ) राजा विलियमले इङ्गलैण्डमा विटेनगेमोटको सट्टा ......स्थापित गरेका थिए ।
(ङ) इङ्गलैण्डमा जुरीप्रथा प्रचलनमा ल्याउने राजा......थिए ।
(च) सय वर्षको युद्ध.........ई. मा प्रारम्भ भएको थियो ।
(छ) सय वर्षको युद्ध ....र..........का बीच भएको थियो ।
(ज) कैथराइन इङ्गलैण्डका राजा ....की महारानी थिइन् ।
(झ) शेक्सपीयरको उदय........को शासनकालमा भएको थियो ।
(ञ) विश्वका सर्वश्रेष्ठ नाटककार..........हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ट) सेन्ट लुईको नाउँ.........थियो ।
(ठ) सय वर्षको युद्ध फ्रान्सलाई विजयी गराउने.........नै थिइन् ।
(ड) फ्रान्सको पूर्ण रूपले एकीकरण गरी विकसित पार्ने श्रेय........लाई नै छ ।
(ढ) मंगोलहरूलाई रूसबाट लखेट्ने श्रेय ...... लाई छ ।
(ण) रूसी जीवनको प्रत्येक क्षेत्रमा कानून वनाउने जार.........थिए ।
(त) रूसमा दाह्री राख्नेले कर वुझाउनुपर्ने कानून......ले वनाएका थिए ।
(थ) रूसमा जनताले..........लाई राष्ट्रपिता मान्दथे ।
(द) रूसी राज्यलाई कालो सागरसम्म पुरचाउने श्रेय.........लाई छ ।
(ध) रूसको निर्माणमा प्रख्यात महारानी (जारीना)..........थिइन् ।

८. फ्रान्सको कुन केटोको नेतृत्त्वमा तीस हजार केटाहरू धर्मयुद्धको लागि प्रस्थान गरेका थिए ?

(क) निकोलस (ख) स्टेफैन
(ग) अविसन (घ) लियो सप्तम

९. क्रुसेड कहिले प्रारम्भ भयो ?

(क) १०९६ ई. (ख) १०७३ ई.
(ग) १०७६ ई.

१०. यूरोपबाट भारत आउने सामुद्रिक मार्ग कसले पत्तालगायो ?

(क) कोलम्वस (ख) भास्कोडिगामा
(ग) क्रेबोट

११. मोनालिसाको निर्माणकर्ता को थिए ?

(क) माइकेलएंजेलो (ख) लियोनार्डो द विंची
(ग) राफेल

१२. प्रोटेस्टेन्ट मत कसले चलायो ?

(क) जॉन विक्लिफ (ख) मार्टिन लूथर
(ग) सावोनारोला

१३. दुरबीनको आविष्कारक को थिए ?

(क) कोपरनिकस (ख) गैलिलियो
(ग) न्यूटन ।

१४. रक्त सञ्चालनको सिद्धान्त प्रतिपादित गर्ने को हुन् ?

(क) विसेलियस (ख) विलियम हार्वे
(ग) रॉजर बेकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. इङ्गलैण्डको पोपसँग सम्वन्ध विच्छेद गराउने राजा को हुन् ?

(क) हेनरी द्वितीय (ख) हेनरी सप्तम

(ग) हेनरी अष्टम (घ) महारानी एलिजावेथ

१६. ग्रुप 'ख' लाई 'क' सँग मिल्ने गरी राख

(क)	(ख)
(क) लियोनार्डो द विंची	(क) विश्वका प्रसिद्ध चित्रकार
(ख) गिवर्टी	(ख) मोनालिसा
(ग) मैकियावलि	(ग) एक प्रमुख राजनीतिज्ञ
(घ) धर्मयुद्ध	(घ) पुनर्जागरणकालका मूर्तिकार
(ङ) दाँते	(ङ) गुरुत्त्वाकर्षणको नियम
(च) माइकोलएँजेलो	(च) अमेरिका
(छ) न्युटन	(छ) प्रोटेस्टेन्ट मत
(ज) कोलम्वस	(ज) पोप ग्रेगरी सप्तम
(झ) मार्टिन लूथर	(झ) पुनर्जागरणका अग्रदूत
(ञ) पीटर महान्	(ञ) कैथराइन
(ट) हेनरी चतुर्थ	(ट) रूसका जार
(ठ) हेनरी अष्टम	(ठ) फ्रान्सका राजा

TRIBHUVAN UNIVERSITY
KATH
११२५८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समूह गायनमा गाउने राष्ट्रिय गीत

हट्ने होइन डटी लड्ने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ...२
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिँड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ...२
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

इतिहास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu